Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- ३०१, २०७८ साल फागुन १७ गते मंगलबार (Mar 1, 2022) www.janaakash.com.np मूल्य रु १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

## एमसीसी सदनबाट अनुमोदन, खोक्रा राष्ट्रवादीहरुको पल्लाभारी

**मोहन कार्की**

काठमाडौं । नेपालमा एमसिसि परियोजना विवादै विवाद वीच आईतवार सदनवाट पास भएको छ । सत्ता गठबन्धनका संसदहरुले समर्थन गर्ने भएपछि संदनमा एमसिसि पेश भएको थियो उक्त परियोजनालाई सत्तामै रहेका घटकहरु जस्तै नेकपा ( एकीकृत समाजवादी) नेकपा (माओवादी केन्द्र) ले पनि एमसिसिको सडकमा नै गएर विरोध गरेका थिए ।

प्रतिपक्षमा सवैभन्दा धेरै संसद भएको नेकपा (एमाले) का तल्लो तहका कार्यकर्ताहरुले पनि एमसिसिको विरुद्ध आन्दोलन गरिरहेका थिए । तर नेकपा (एमाले) पार्टीका नेताहरुले गड्यौला प्रबृति देखाएका थिए । सरकारमा जान पाइन्छ की भनेर एमसिसि परियोजनाको बिषयमा मौन बसेको थियो । त्यसैको फाईदा सरकारको नेतृत्व गरेको नेपाली कांग्रेसले केपी शर्मा ओलीलाई बढी महत्व दिएको जस्तो गरी प्रधानमन्त्री शेर बहादुर देउवा स्वयम केपी ओलीको निवासमा पटक पटक गएका थिए । त्यसो गर्दा सत्ता गठबन्धनमा रहेका पार्टीले एमसिसिको बिरोध गरिरहेका थिए । ति सत्ताका साझेदार एमसिसिको विरोध गर्नेहरुलाई सत्तावाट फालेर एमालेसँग मिल्ने भान पारेका थिए ।

त्यसपछि एमालेलाई सत्तामा आउना लाग्यो भनेर सत्ता साझेदार नेकपा ( एकीकृत समाजवादी) र माओवादी केन्द्रले एमसिसिको विरोधको अडान छोडेर समर्थन गरेका थिए ।






एमालेको गड्यौले प्रबृति संदनमा र केपीको निवासमा देखियो ।

देशकै ठुलो पार्टी जनताले विश्वास गरेको प्रतिपक्षमा रहेको २३ जना संसद फुटेर नेकपा (एस) मा जादा समेत ठुलो पार्टी कायमै रही ९७ संसद रहेको र नेकपा (एमाले) पार्टी जनताले देशभरी एमसिसिको विरुद्ध आन्दोलन भइरहेको वेला एमसिसि सदनवाट अनुमोदन भएको थियो, यस्तो वेला प्रतिपक्षको हैशियतले जनताको पक्षमा निर्णय लिन सक्नुपर्दथ्यो तर एउटा भिम रावल वाहेक कुनैपनि एमाले नेताले एमसिसिको विरोध गरेनन् । हिउदे अधिवेशनभरी सदन चल्न नदिएको एमालेले एमसिसि पास गर्न भने दिएको छ ।

त्यसैले एमाले पार्टीको गड्यौले प्रवृति प्रष्ट देखिएको हो ।

एमसिसिलाई चुनावी मशला बनाउन सवै उधत एमसिसि परियोजनाको नाटकीय विरोध गरी कम्युनिष्ट पार्टी लेख्ने जतिले आफ्नो पार्टीको चुनावको मशला बनाउने नियतले विरोध गरेको जस्तो देखाएका थिए । तर २०७८ साल फागुन १५ गते संदनमा अनुमोदन हुने क्रममा देखिएका घटनाले नेपालका कुनैपनि कम्युनिष्ट पार्टीको सैद्धान्तिक लाइन र जनताप्रति प्रष्ट रहेनछन् भन्ने पुष्टि गरिदिएका छन् । संदनमा भएका कम्युनिष्ट पार्टी बाँकी ६ पृष्ठमा

## एमसीसी विरुद्ध संयुक्त आन्दोलन गर्ने घोषणा

काठमाडौं । चैत्रको दोस्रो हप्तादेखि व्यवस्था परिवर्तनको निम्ति संयुक्त राष्ट्रिय जनआन्दोलन मोर्चाले काठमाडौं केन्द्रीत आन्दोलन गर्ने घोषणा गरेको छ ।

सोमबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गर्दै मोर्चाले अमेरिकी सहयोग परियोजना एमसिसिविरुद्ध र देशको व्यवस्था परिवर्तनका निम्ति आन्दोलनको कार्यक्रम घोषणा गरेको जनाएको छ । केन्द्रीय अध्यक्ष तारानाथ लुइँटेलले सरकारले एमसीसी हतारमा पारित गरेको भन्दै आपत्ति जनाए । उनले भने,'एमसीसीको विरोधमा हामीले सडक आन्दोलन गर्यौं, पानीको फोहोरा खायौं, धेरै साथीहरु घाइते हुनुभयो ।' उनले आफूहरुले सातै प्रदेशमा आमसभा गर्ने बताए । लुइँटेलले आगामी चैत्र दोस्रो हप्ताबाट १० दिनसम्म एमसीसी फिर्ता र व्यवस्था परिवर्तनको निम्ति काठमाडौं केन्द्रीत आन्दोलन गर्ने जानकारी दिए । उनले सातै प्रदेशमा जनसभाको आयोजना गर्न लागेको बताए । जसले एमसीसी अनुमोदन गरे उनीहरुनै महाकाली सन्धी गर्नेहरु भएको बताए । उनले भने,'महाकाली सन्धी गर्दा नेपालीलाई विभिन्न भ्रम छर्नेहरुले नै आज एमसीसी पारित गरेका हुन् ।' उनले नेपालमा एमसीसी ल्याउनै नपर्ने भन्दै अनुदानमात्रै भएमा नेपालको संविधानभन्दा माथि हुन नहुने तर्क गरे । एमसीसीमा अमेरिकाको नियम नेपालको कानूनभन्दा माथि हुने भए यो संविधान फालेर नयाँ संविधान ल्याउनपर्ने उनको भनाई थियो । अब नेपालीले आफ्नो पहिचान खोज्न पर्ने अवस्था आएको सुनाए । अफगानस्तानको अवस्था नेपालमा आउने उनले बताए । कार्यक्रममा बोल्दै सह(अध्यक्ष विष्णु भट्टराईले भने,'११६ वटा देशले शान्ति क्षेत्रको रुपमा अनुमोदित गरेको नेपाललाई आज मिलेनियम च्यालेन्ज कम्प्याक्टको आधारमा संसारको विश्व शक्तिको छाता मुनी पसेको अवस्था छ ।' यो सम्झौतामा अमेरिकी सैन्य गठबन्धनअन्तर्गतको हो की होइन भनेर माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र माधव नेपालको केही दिन अघि प्रधानमन्त्री शेरबहादुर देउवासँग छलफल भएको भट्टराईले जिकिर गरे । उनले एमसीसी सम्झौता नेपाल र नेपालीको हितमा नभएको उनले स्पष्ट पारे । भट्टराईले एमसीसी विकास सहयोग अनुदान भएको, हिन्द प्रशान्त तथा अन्य कुनै संगठनको अंग नभएको र बाँकी ६ पृष्ठमा

## इन्जिनियर्स एशोसिएसनमा दिलिप कुमार झा समूहको प्यानल सार्वजनिक

काठमाडौं । नेपाल इन्जिनियर्स एशोसिएसनको आसन्न ३३ औं कार्यकारिणी समिति निर्वाचनका लागि लोकतान्त्रिक इन्जिनियर समूहले आफ्नो घोषणापत्र सार्वजनिक गरेको छ ।




समूहले 'लोकतान्त्रिक इन्जिनियर समूहमा मतदाना, इन्जिनियरिङ समस्याको समाधान' भन्ने नारासहित आफ्नो समूहलाई मतदान गर्न अपिल गरेको छ । लोकतान्त्रिक इन्जिनियर समूहले विगतमा आफ्नो समूहका तर्फबाट नेतृत्वमा पुगेका अग्रजहरुकै कारण संस्थाको गरिमा बढेको र विभिन्न उपलब्धिहरु प्राप्त भएको स्मरण गर्दै आउँदा दिनमा संस्थालाई अझ सशक्त र प्रभावकारी रुपमा अघि बढाउन आफ्नो समूहको जीत अपरिहार्य रहेको जनाएको छ । संशोधित विधानअनुसार संघीय र प्रादेशिक तहमा निर्वाचन हुन गइरहेको र यस विधान संशोधनको श्रेय तत्कालीन अध्यक्ष ई. डा. हरेराम श्रेष्ठलाई जाने उल्लेख गरिएको छ । लोकतान्त्रिक इन्जिनियर समूहको बाँकी ६ पृष्ठमा


## पूर्वराजा ज्ञानेन्द्र पशुपतिनाथ दर्शन गर्ने

काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाह महाशिवरात्री पर्वको अवसरमा पशुपतिनाथ मन्दिरको दर्शन गर्ने भएको छ । फनिराज पाठकका अनुसार राजसंस्था हटेपछि पनि विगतका वर्षहरुमा पूर्वराजा ज्ञानेन्द्र शाह महाशिवरात्री पर्वमा पूजाअर्चनाका लागि पशुपतिनाथ पुग्ने गर्दथे यस पटक पनि मंगलवार पशुपतिनाथ दर्शन गर्ने कार्यक्रम रहेको छ ।



## राष्ट्रिय जनमोर्चा सत्तागठबन्धनबाट अलग भएको घोषणा

काठमाडौं । राष्ट्रिय जनमोर्चाले पाँचदलीय गठबन्धनबाट अलग भएको घोषणा गरेको छ । जनमोर्चाको सोमबार बसेको केन्द्रीय सचिवालयको बैठकले गठबन्धनबाट अलग हुने निर्णय गरेको हो । साथै अधिकांश जनता एमसीसीको विपक्षमा सडकमा हुँदाहुँदै जनतालाई झालझेल पारेर एमसीसी पास गर्नु राष्ट्रलाई दीर्घकालिन र गम्भीर क्षति पुग्ने भन्दै गठनबन्धन त्यागेको राष्ट्रिय जनमोर्चाले जनाएको हो । जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीद्वारा जारी विज्ञप्तिमा भनिएको छ,' हाम्रो पार्टी बाहेकका चार पार्टीले एमसीसीलाई संसद्द्वारा पारित गराउन गरेको षड्यन्त्र, बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# एमसीसीले उठाएको प्रश्नको उत्तर खोजौं

एमसीसी सदनबाट अनुमोदन भइसकेपछि देशमा थुप्रै खालका समस्या उत्पन्न भएका छन् । सुर्खेतलगायत शहरहरुमा त कर्फ्यु लगाउनुपर्ने सम्मको वातावरण बनेको छ । अर्कोतर्फ माओवादीको जनयुद्ध शान्ति प्रक्रियामा आइसकेपछि शान्त रहेको नेपाललाई अस्थिरतामा धकेल्ने तत्वहरुलाई केही निहुँ पाउ भनेर बसेको वेला यहि एमसीसीको जनताले विरोध गरिरहेको अवस्थामा संसदहरुले सदनबाट पास गरिसकेपछि आक्रोशित जनताले उप्रदो मच्चाएका छन् । यो स्वाभाविक नै हो । जनताले आक्रोश पोख्छन् नै ।

यस्ता समस्याहरु देशमा आइसकेपछि जिम्मेवारीपुर्वक सम्बन्धित निकायले संयमता पुर्वक सावधानको उपायहरु अपनाउन जरुरी छ । र जनतालाई पनि संयमित हुन अनुरोध गर्न ढिलो गर्नुहुदैन । जनतामा एक खालको भ्रम छ । एमसीसी परियोजना अमेरिकाले अफगानिस्तान जस्तो नेपाललाई पनि बनाउन ल्याएको परियोजना हो भन्ने बुझाई गइसकेको छ । त्यो आज सत्तामै रहेका पार्टीहरुले विगतमा विरोध गरेर यस्तो वातावरण बनाएका हुन् ।

तिनै राजनीतिक पार्टीहरुले त्यस्तो होइन भनेर ११ वुंदामा ब्याख्यात्मक घोषणासहित सदनमा पास गरिसकेका छन् । यसै बिषयलाई लिएर धेरै उछालेर पुनः देशलाई अस्थिरतामा लान दिनु हुदैन भनेर सचेत नागरिकहरुले पनि सुझाव दिन ढिलो गर्नुहुदैन । यो राष्ट्रसँगको प्रश्न हो । पछिल्ला घटनाहरु हेर्दा देशमा द्धन्द्ध सृर्जना गर्ने खालका गतिविधि देखिएका छन् । द्धान्द्धले कुनैपनि देश विकास भएका छैनन् । फेरी आजको युग बल, घमण्ड, बन्दुकको साहारामा कुनै पनि युद्ध, लडाई लड्ने तरिका नै फेल हुन थालिसक्यो त्यसैले नेपालमा एमसीसी परियोजना विवाद भएको थियो पास गर्न राजनीतिक दलहरुले नगरेको भए राम्रो हुन्थ्यो केही समय जनतामा पठाएर राम्रोसँग बुझाएर गरेको भए झनै राम्रो हुन्थ्यो त्यस्तो भएन । सदनबाट जे हुनु भइसक्यो हामीसँग अरु विकल्प छैन ।

विगतमा जसरी देशमा ब्यवस्था ठिक भएन, सामान्तवाद फाल्नुपर्छ, गणतन्त्र ल्याउनुपर्छ, प्रजातन्त्र ल्याउनुपर्छ भनेर हामी नेपालीहरुलाई परिवर्तनको नाममा युद्ध, क्रान्त्रि, विरोध, हत्या, हिंसा गरेर देशमा अस्थितरता उन्पन्न गराउँदा देशका भएका राम्रा पक्षहरु पनि गुमाउदै आउनु परेको छ । केवल परिवर्तन नाम मात्रको भएको र देशलाई नोक्सान मात्र पु¥याउने काम मात्र भएको छ ।

नेपालको पुँजी, सीप, दक्ष जनशक्ति पलायन हुन थालेको परिवर्तनको नाममा आएको प्रजातन्त्र पछि नै हो । आजसम्म आइसक्दा उधोग, कलकारखाना, निजीकरण गरेर बन्द गराएर नेपाली श्रमिकहरुलाई रोजगार बिहिन बनाएका थिए ।

राष्ट्रको राष्ट्रिय नीति खलबलिदा अस्थिरतामा देश भएको बेला पारेर कोशी, गण्डकी, महाकालीजस्ता असमान सन्धिहरु भएका थिए । यो अवस्थामा पु¥याउन बाहिरबाट अरुले नै भुमिका खेलेको भएपनि द्वन्द्व हामी नेपालीहरुले नै गरेका थियौं । चाहे त्यो प्रजातन्त्र ल्याउने नाममा होस् वा गणतन्त्र ल्याउने नाममा नै किन नहोस् ।

त्यस्तै अहिले एमसीसीको विरोध गर्ने नाममा नेपालको विगत २०६३ सालको जनआन्दोलन पछि शान्त रहेको देश नेपालमा हिंसा रोपेर आफ्नो स्वार्थ पुर्ति गर्ने देशहरुले काम गरेको हुन सक्छन् । यस्ता प्रायोजित हिंसाहरुमा प्रयोग हामी नै हुने छौ । दुखः हामीले नै पाउने हो । त्यसकारण विगतका अनुभवलाई आत्मसाथ गरेर देश विकास गर्न हिंसा, द्वन्द्व सृर्जना गरेर होइन । बुद्धिमता र मेहनत गरेर मात्र हुदो रहेछ भन्ने दक्षिण कोरियाबाट पाठ सिक्नु मनासिव होला ।

दोस्रो विश्वयुद्ध पछि दक्षिण कोरियामा त अमेरिकी सेना नै बसेको छ । तर कोरियनहरुले दिमाग लगायर त्यतिवेला भियतनाम जस्तै हुनवाट जोगाएर कोरियालाई शान्त कोरिया बनाउन सके त्यसैको परिणाम आज दक्षिण कोरिया विश्वको अर्थतन्त्रमा टप टेन भित्र परेको छ । एमसिसि पास भइनै सक्यो अव नेपालमा अमेरिकालाई बुद्धि भएको देशसँग बुद्धि लगायर नै काम र विश्वास जितेर अगाडी बढ्नुको कुनै विकल्प छैन । विगतमा पनि अमेरिकाको हामीले सहयोग लिएकै थियौ यसरी सदनबाट नै पास गरेर मात्र नलिएका त हौ नि । समस्या आयो भनेर झन समस्या बढाउने तिर होइन । सावधान गर्ने उपायहरु खोजौ । नेपाल र अमेरिकाको विगत ७५ बर्षदेखिको कुटनैतिक सम्बन्ध पनि हामीसँग रहदै आएको छ । समस्याको सावधान खोज्न नेपालले बुद्धि पु¥याएर आग्रह गर्दा अमेरिका प्रजातान्त्रिक शक्तिशाली मुलुक पनि भएको हुँदा नेपाल र अमेरिकाको हितमा हुने महत्वपूर्ण परिणाम आउने विश्वास गर्ने ठाउँहरु हुन्छन् । समस्याको सावधान माथि उल्लेखित तरीकाले खोज्दा नेपालको हित हुन्छ ।

# एमसीसीको संसदीय अनुमोदन र राष्ट्रिय हितका विषय

**श्यामप्रसाद मैनाली**

प्रारम्भः

राजधानी काठमाडौं सहर एमसीसीमय भएको छ । राजनीतिक दलले जनमत तयार गर्ने आधार यसको विरोध गर्नुलाई बनाएका छन् । देशका बुद्धिजीवीको कित्ता पनि समर्थन र विरोधमा विभक्त भएको देखिँदै छ । सामान्य विकास अनुदानलाई ठूलो मुद्दा बनाइएको छ । संसदीय अनुमोदनको सर्त नहुँदो हो त यो कम्प्याक्ट कार्यान्वयनको मध्य चरणमा हुने थियो । यस विषयमा हालका दिनमा देशभर तरंग पैदा गर्न केही समूह सशक्त भएका छन् केही बुद्धिजीवी विकसित सहरमा केन्द्रित बौद्धिक संघर्ष गर्दै छन् । यस्ता प्राज्ञले देशव्यापी प्रभाव पार्न सकेका छैनन् । सर्वसाधारण जनता यस अनुदानलाई स्वीकार गर्न नहुने मानसिकतामा प्रायः पुग्दै गएको स्थिति देखिँदै छ । राष्ट्रियता देशको सार्वभौमसत्ताकै रक्षार्थ असल नियतले यो अनुदान स्वीकार गर्दा समेत आसन्न आमनिर्वाचनमा यो प्रस्ताव समर्थन गर्ने दलले ठूलो क्षतिको सामना गर्नुपर्ने अवस्था स्पष्ट हुँदै गर्दा संसद्मा यो सन्दर्भले प्रवेश पाएको छ । समर्थन र विरोध गर्ने दुवैतर्फ अतिवादी देखिएका छन् । समर्थन गर्नेका तर्कहरू सुन्दा यसलाई संसद्बाट अनुमोदन गर्न कुनै द्विविधाको अवस्था छैन, राष्ट्रिय हितमा छ । सबैभन्दा ठूलो विकास अनुदान अमेरिकाले प्रदान गरेको छ । स्वीकार गरेर अघि बढ्नु पर्दछ, अन्यथा पश्चिमा देशको सौहार्दता भविष्यमा प्राप्त हुने छैन । यो नेपाल जस्तो विकासशील देशका लागि महँगो पर्नेछ । रकमको सदूपयोग विद्युत् प्रसारण लाइनको निर्माण र सडक संजालको विकासमा हुन्छ । यी कार्यक्रम नेपालले नै प्रस्ताव गरी प्राथमिकतामा राखेका हुन् । यसको विरोध गर्नु भनेको अल्पज्ञानको उपज वा निहीत स्वार्थवाट प्रेरित हुनु हो ।

अर्को पक्ष निरपेक्ष रूपमा यसको विरोधमा छ । स्वीकार गर्दा नेपालको सार्वभौमसत्ता नै खतरामा परेको देख्दछ । नेपालको स्वतन्त्रतामा नै प्रश्न चिह्न खडा हुने निष्कर्षमा छ । चीनलाई रणनीतिक हिसाबले परास्त गर्न अघि बढेको योजना भएकाले नेपाल र चीनबीचको सम्बन्धमा नकारात्मक प्रभाव पर्ने सुनिश्चित छ । अमेरिकी सेना देशभित्र भित्रिने र चीनविरुद्ध नेपाली भूभाग प्रयोग हुने स्थिति भएकाले यो कम्प्याक्ट नेपालको हितमा छैन ।

संसदीय अनुमोदनको सम्भावनाः

संसदीय अनुमोदन आवश्यक हो वा होइन, यस'दयगत प्रस्ट हुनुपर्दछ । पाँच वर्षभित्र सम्झौताअनुसारका कार्यक्रम सम्पन्न गरिसक्नुपर्ने अवस्था छ । यसको प्रत्याभूति गर्न नेपालको अस्थिर राजनीतिका सन्दर्भमा दातृराष्ट्र विश्वस्त हुन नसक्दा यसको विकल्पमा संसदीय अनुमोदनबाट कार्यान्वयनमा लैजान सबै दलको प्रतिबद्धता संसदमार्फत् गरिने सर्त नेपालको हो । नेपालको प्रचलित कानुनअनुसार संसद्बाट अनुमोदन हुनु जरुरी छ किनकि, नेपालको संविधानको धारा २७९ मा भएको व्यवस्थाअनुसार नेपाल पक्ष हुने सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संघीय कानुनअनुसार हुने, चारवटा संवेदनशील विषयबाहेकका सन्धि वा सम्झौता सामान्य बहुमतबाट पारित गरिने व्यवस्था प्रस्ट छ । चारवटा संवेदनशील विषयमा यो कम्प्याक्ट पर्दैन ।

सामान्य बहुमतवाट पारित हुन सक्दछ । संसद्बाट पारित गर्नुपर्ने कारणमा नेपालको सन्धि ऐनको दफा ९.१ आकर्षित हुनु पनि हो । संसद्ले अनुमोदन नगरेको आस्थामा यस ऐनमा संशोधन गर्नुपर्ने परिस्थिति कार्यान्वयनको चरणमा आउने स्पष्ट छ । सम्झौताका सर्त र नेपालका आन्तरिक कानुन बाझिन सक्दछन् । यसले कार्यन्वयनमा व्यवधान खडा गर्दछ । यो व्यवधानका कारण निर्धारित अवधिमा सम्पन्न गर्न नसकिने अवस्था आउने प्रायः निश्चित छ । यसको समाधानका लागि संसदीय अनुमोदनको आवश्यकता नेपाली पक्षले महसुस गरी दातालाई विश्वस्त तुल्याउन प्रस्ताव गरेको हो ।

यस सम्झौताको पक्षमा रहेका सबै राष्ट्रले संसदीय अनुमोदन गर्नुपर्ने सर्तलाई अमेरिकाको दुवै सदनले साझा सर्तका रूपमा स्वीकृति दिएको छ । ५० देश सञ्चालित ४७ आयोजना पूरा भइसकेका छन् । अनुदान लिने सम्झौता गरेका ५० प्रतिशत देशले संसदीय अनुमोदन गराइसकेका र बाँकी राष्ट्र अनुमोदन गराउने प्रक्रियामा रहेका छन् । नेपालको राजनीतिक अस्थिरताका कारण यो सर्त छुट दिने पक्षमा अमेरिका देखिएन ।

संसद्बाट अनुमोदन गर्ने र नगर्ने सन्दर्भ जटिल बन्दै गएको छ । सर्वप्रथम सत्ता गठबन्धन प्रस्ट छैन । नेपाली कांग्रेस अनुमोदनको पक्षमा छ । माधवजी आफ्नो दलभित्र मतैक्यताका साथ समर्थन वा विरोधमा उभिन सकेका छैनन् । बालुवाटारमा बसेर पक्षमा र अन्यत्र विपक्षमा अभिव्यक्ति दिनमा कमरेड प्रचण्ड र माधवजीले कीर्तिमानी कायम गरे । सत्तामा रहेर आफ्नो सरकारले ल्याएको प्रस्तावको विपक्षमा अभिव्यक्ति दिनु सर्वथा अनुचित हो । यो अधिकार कुनै पनि नेतालाई सरकारबाट हट्दा मात्र प्राप्त हुन्छ ।

आफ्ना दलका मन्त्रीहरू मन्त्रिपरिषद्बाट संसद्मा अनुमोदनका लागि प्रस्ताव पेस गर्न सहमति जनाउने त्यही दलका नेता विरोधमा अभिव्यक्ति दिँदै जानु गैरसंसदीय, अलोकतान्त्रिक र असक्षम नेतृत्वको द्योतक हो, राजनीतिक इमानदारिता र मूल्य मान्यताबाट स्खलित हुनु हो । साझेदार अन्य दलसमेतले खुलेर प्रस्तावको समर्थन गर्न सकेका छैनन् । द्विपक्षीय सम्झौता गर्ने, एमसीए खोली कार्यान्वयन प्रारम्भ गर्ने, अस्वीकार गर्न नसक्ने, संसदीय अनुमोदन पनि नगर्ने, यस प्रकारको अनिर्णयको बन्दी बन्दै गर्दा मित्र राष्ट्रहरू एवं दाताबीच पर्ने प्रभाव'दयगत जिम्मेवार राजनीतिले चिन्तन गर्नुपर्ने अवस्था छ ।

चीनले अमेरिकालाई वलजफतीपूर्ण कूटनीति अवलम्बन गरेको आरोप लगाइरहँदा अमेरिकाले पनि कूटनीतिक भाषामा प्रत्यारोप गरेको छ । भविष्यमा यस प्रकारका अन्य अनुदानका विषयमा नेपालमा सहमति कायम गर्ने निर्णय लिने विषय द्वन्द्वमा फस्दै जानेछ । देशको असंलग्न परराष्ट्र नीतिलाई परित्याग गर्ने स्थिति बन्दछ । यो सम्झौताका लागि स्पष्ट राष्ट्रिय दृष्टिकोण बनाउन नेपालका नेता असफल भएका छन् । सबै ठूला दलले यसलाई विभिन्न कालखण्डमा लिखित रूपमा समर्थन गरेका छन् । बाबुरामजी प्रधानमन्त्री हुँदा एमसीसीका लागि विधिवत् लिखित अनुरोध गरेका थिए । महरा परराष्ट्रमन्त्री हुँदा सर्तलाई स्वीकार गरिएको हो । शेरबहादुरजीकै दलका ज्ञानेन्द्रजीले सम्झौतामा सही गरेका हुन् । प्रचण्ड समेत सम्मिलित नेकपाबाट सरकारको नेतृत्व गर्ने ओलीजीले यसलाई संसद्मा पेस गरेका हुन् । यी दलबाटै सरकार एवं प्रतिपक्ष भूमिकाको निर्वाह भएको छ । सम्झौता अनुमोदन गर्ने विषयलाई नेकाबाहेक अन्य सबै दलले सत्तामा रहँदा समर्थन गर्ने सत्ताबाहिर रहँदा विरोध गरिआएका छन् ।

एमसीसीको विरोध गर्नेले बीआरआईका सर्तहरू कति उदार र पारदर्शी छन्, अध्ययन गर्दा बेस हुन्छ

यस प्रस्तावको समर्थन र विरोध गर्ने अधिकार सार्वभौम नागरिक, बुद्धिजीवी र नागरिक समाजलाई रहन्छ । नेपालका ठूला राजनीतिक दलले विरोध गर्ने हैसियत गुमाएका छन् । नेपालका सञ्चार माध्यमले उनीहरूका अभिव्यक्ति र क्रियाकलापको अभिलेख अध्यावधिक गरिराखेका छन्, संसद्मा पनि रेकर्ड गरिएकै छ । जिम्मेवार दलमा देखिएको यस प्रकारको बहुजिब्रे व्यक्तित्वले नेपालमा महत्वपूर्ण मामिलाका सन्दर्भमा राष्ट्रिय दृष्टिकोण निर्माण गर्न दल आफैंलाई असफल प्रमाणित गरेका छन् ।

सरकार प्रस्ताव पेस गर्ने, प्रतिपक्ष परिस्थिति हेरेर मात्र दलीय लाभ हानिको दृष्टिले धारणा बनाउने, सत्ता पक्षकै नेता विरोधमा उत्रिँदा भविष्यमा प्रदान गरिने अनुदानलगायतका सहायता कार्यक्रम नकारात्मक रूपमा प्रभावित बन्ने निश्चित छ । अमेरिकाले निकारागुआ, होन्दुरस, मदागास्कर र मालीमा प्रदान गरेको सहयोग कार्यक्रम पुरै रद्द गरेको घटनालाई स्मरण गर्नु उत्तम हुनेछ । नेपाललाई समेत कुनै पनि सर्त पुनरावलोकन नगर्ने र यथासमयमा संसदीय अनुमोदन नभएमा फिर्ता लैजाने स्पष्ट गराइसकेको छ । अब नेपालसँग अनुदान स्वीकार गरी सम्बन्धमा थप सुधार गर्ने वा अस्वीकार गरेर भविष्यमा यस राष्ट्रको अनुदान र सहयोग प्राप्त गर्ने सम्भावनालाई समाप्त गर्ने दुईवटा मात्र विकल्प बाँकी रहेका छन् । यी विकल्पमध्ये संसदीय अनुमोदन गरी सम्झौतालाई शीघ्र कार्यन्वयनमा लैजानु हर दृष्टिकोणले नेपालको हितमा हुनेछ ।

### सम्झौताका महत्वपूर्ण पक्षः

यो अनुदान नेपालको आर्थिक वृद्धि र गरिबी निवारणमा लक्षित छ । लोकतन्त्र र सुशासनप्रति पूर्णप्रतिबद्ध छ । विकासशील न्यून आय भएका निर्धन राष्ट्रलाई यो अनुदान दिइन्छ । आर्थिक स्वतन्त्रता प्रदान गर्दै स्रोत साधनको उपयोग जनताको भलाइका लागि गर्ने राष्ट्रलाई प्राथमिकतामा राखेको छ । विकासको प्रतिफल स्पष्ट देखिनु पर्दछ । जनताले आयोजनाको स्वामित्व ग्रहण गर्नुपर्दछ । उत्पादक क्षेत्रमा मात्र लगानी गरिन्छ । राजनीतिक अधिकारको पूर्ण प्रत्याभूति गरिनुपर्छ । शिशु स्वास्थ्यका लागि सरकार गम्भीर हुनु पर्ने, भ्रस्टाचार नियन्त्रणका लागि उच्चस्तरको प्रतिबद्धता सरकारबाट आउनुपर्छ । दिगो आर्थिक विकासलाई गन्तव्य बनाउनुपर्छ । लगानीको प्रतिफल पारदर्शी रूपमा जनतासम्म पुगेको हुनुपर्छ । सम्झौताको दफा ३ (८)मा रकमको लेखापरीक्षण मलेपले गर्न पाउने प्रस्ट व्यवस्था छ । लगानीको प्राथमिकता सम्बन्धित देशले आफैं निर्धारण गर्न पाउने व्यवस्था छ । नेपालको विद्युत् प्राधिकरणले तयार पारेको ऊर्जासम्बन्धी गुरुयोजनालाई यस आयोजनाले प्राथमिकतामा राखेको छ । कनिका छर्ने र सस्तो लोकप्रियता हासिल गर्ने कार्यक्रम सञ्चालन गर्न पाइँदैन ।

यसका प्राथमिकता मानवीय आत्मसम्मान, साना राष्ट्रको स्वतन्त्रता, सार्वभौमसत्ताको उच्च सम्मान, जनताको लगानी जनताकै सहभागितामा गर्ने छन् । यसलाई आधुनिक विकासको नयाँ मोडेलका रूपमा लिइएको छ । सैन्य प्रयोजनमा यो रकम खर्च गर्न निषेध गरिएको छ । वातावरणीय संरक्षणमा यो लगानी हुन सक्दछ । सैन्य प्याक्ट नभएको स्पस्टोक्ति तत्कालीन अमेरिकी राष्ट्रपति ट्रम्पले भियतनाममा भनेका छन् । उनका अनुसार दुईपक्षीय सैन्य प्याक्टमा अन्य राष्ट्रले सही गर्नुपर्दैन । यो अनुदान कुनै पनि प्रकारको गठबन्धन होइन । अर्थ मन्त्रालयले सोधेका प्रश्नको जवाफमा सबै विषयलाई यसको प्रधान कार्यालयले स्पष्ट पारेको स्थिति छ । कार्यान्वयन गर्दै जाँदा असहज लागेमा ३० दिनको सूचना दिई नेपालले एकतर्फी रूपमा सम्झौता तोड्न सक्ने स्पष्ट प्रावधान छ । देशमा हालसम्म प्राप्त गरेको सबैभन्दा ठूलो राशिको अनुदान यही हो ।

### जीवन्त सवालः

नेपालले अन्तराष्ट्रिय जगत्मा विश्वसनीयता कायम गर्नु जरूरी छ । बिमस्टेकमा आफैं अध्यक्षता गरिरहँदा सैनिक गठबन्धन प्रस्ताव पारित गराई पछि उक्त गठबन्धनवाट नेपाल बाहिरिएको छ । अल्प समयमा अस्थिर रणनीति तैनाथ गरी सन्देश प्रवाह गरेको अवस्था छ । सडकमा अमेरिकी साम्राज्यवाद फिर्ता जा जस्ता अंग्रेजी भाषामा कालो गन्जीमा सेतो अक्षरले लेखिएको नारा सजिएका पोसाक लगाई रिजर्भ गाडीमा आन्दोलनकारीलाई ल्याउने काम भएको छ । यो स्रोतको प्रवाह कसरी भएको हो ? यसले मित्र राष्ट्र अमेरिकामा कस्तो सम्बद्ध विस्तार होला ? विचारणीय अवस्था छ । सम्झौताको विरोध गर्ने साम्यवादी दलका कार्यकर्ता र उग्रराष्ट्रवाद नाममा सस्तो लोकप्रियता हासिल गर्न सकिने प्रलोभनमा नेपाली राजनीतिमा खासै प्रभाव नभएकाको बाहुल्यता छ । यस सम्झौता'दयगत जनमानसमा गलत सन्देश प्रवाह भएको छ ।

नेपालको अस्थिर राजनीतिका सन्दर्भमा दातृराष्ट्र विश्वस्त हुन नसक्दा संसदीय अनुमोदनबाट कार्यान्वयनमा लैजान सबै दलको प्रतिबद्धता संसद्मार्फत् गरिनुपर्ने अवस्था आएको हो ।

सम्झौताले गैरलोकतान्त्रिक देशलाई निरुत्साहित गरेको छ । सिरालियनका राष्ट्रपतिले चीनसँग ऋण लिई देशलाई रिनको पासोमा पारी व्यक्तिगत फाइदा लिएपश्चात् उनी जनताबाट अपदस्थ भए । जनताको दबाबमा चीनसँगको सम्झौता खारेज गरी एमसीसी सम्झौता भएको छ । सैन्य कुपश्चात् मदागास्करलाई दिँदै आएको अनुदान खारेज गरेको छ । कार्यक्रमले निर्धारण गरेको सूचकअनुसार कार्य नगरेको पाउँदा तान्जानियाको अनुदान निलम्बनमा परेको छ । प्रतिगमन प्रारम्भ भएपछि मालीमा दिने गरेको अनुदान रोकिएको छ । किरिवाटी र ट्युनिसियाले यस सम्झौताका लागि प्रतीक्षा गरिराखेका छन् । धेरै देश लाभान्वित भएका छन् । चाहना राख्नेहरू प्राथमिकतामा नपरेकाले सम्झौता गर्न सकेका छैनन् । नेपालमा भने विरोधका स्वरहरू गुन्जिने परिस्थिति नियोजित रूपमा निर्माण गरिएको छ ।

### निष्कर्षः

नेपाललाई मात्र फाइदा पुग्नेगरी सम्झौता भएको किमार्थ होइन, दाता राष्ट्रका आफ्नै प्रकारका स्वार्थ रहन्छन् । सम्पन्न राष्ट्रले विपन्न राष्ट्रलाई आफ्नो अर्थ व्यवस्थाको शून्य दशमलव सात ओडीएमा खर्च गर्नुपर्ने गरी अघोषित समझदारी बनेको छ । विश्वकै अर्थ व्यवस्थाको २५ प्रतिशतमा आफ्नो हिस्सा कायम गर्न सफल अमेरिकाले यस समझदारी अनुरूप १ सय ४० बिलियन डलर विकासोन्मुख राष्ट्रलाई दिनुपर्ने हुँदा केही लोकतान्त्रिक सर्तहरू राखी अनुदान रकम प्रवाह गरेको हो । आफ्नो लगानीबाट लोकतान्त्रिक मूल्यमान्यताको विकास गर्न सदूपयोग खगर्ने नीति हो । यसबाट गैरलोकतान्त्रिक शक्तिलाई पीडाबोध हुनु स्वाभाविकै हो । एमसीसीको विरोध गर्नेले बीआरआइका सर्त कति उदार र पारदर्शी छन् ? अध्ययन गर्दा बेस हुन्छ । अब नेपालमा आउने चिनियाँ सहयोगका परियोजना समेत यस्तै जटिलतामा फस्दै जाने छन् । यस्ता सहायता अब अस्वीकार गर्दै नेपाल अघि बढ्न सक्दछ ?

बाँकी ६ पृष्ठमा

# अब बीबीए होइन, बीबीएस नै लोकप्रिय

**एकराज सुवेदी**

सन्दीप कार्की हाल ब्याचलर इन बिजनेस स्टडिज अर्थात बीबीएस अध्ययन गर्दैछन् । उनी र उनका साथीभाईहरुका बीच यो भन्दा पहिले बीबीए अर्थात ब्याचलर इन बिजनेस एड्मिनिष्ट्रेसन पढ्ने वारेमा समेत छलफल भएको थियो । तर उनीहरु सबैले बीबीए होइन, बीबीएस नै रोजे । सन्दीप मात्र होइन, अहिले अधिकांश विद्यार्थीहरुले भविष्यको करियरलाई सम्झेर बीबीएस नै रोज्न थालेका छन् ।

धेरै प्रकारका क्रियाकलाप र पाठ्यवस्तुका कारण नेपालमा बीबीएलाई महत्व दिने ट्रेन्ड केही समय यता चलेको थियो । कर्पोरेट अथवा फाइनान्सियल कार्यालयहरुका निम्ति आवश्यक ज्ञान र सीप बीबीएमा हुन्छ भन्ने मान्यता भएकैले बीबीएको लोकप्रियतासँगै शुल्क पनि अत्यधिक भएको पाइन्छ । न्यूनतम ४ लाखदेखि उच्चतम १० लाखसम्म बीबीए कोर्सको शुल्क तिर्नुपर्ने हुन्छ । तसर्थ शुल्क तिर्न असमर्थ विद्यार्थीले मात्र बीबीएस पढ्ने प्रचलन देखिन्छ ।

तर अहिले आएर नेपालमा बीबीएस पढ्ने विद्यार्थीहरुको सङ्ख्यामा वृद्धि भएको पाइन्छ । प्रारम्भमा यो तीन वर्षे कोर्स भए पनि विगत ९ वर्षदेखि यसलाई ४ वर्षे कोर्स बनाएपछि बीबीएकै क्रियाकलापहरु यहाँ पनि हुने भएकाले निरन्तर बीबीएसको लोकिप्रियता वृद्धि भइरहेको छ । बीबीएमा हुने फिल्ड भिजिट, गेस्ट लेक्चर, प्रिजेन्टेसन, इन्टर्नसिप, प्राक्टिकल क्लास अहिले बीबीएसमा समेत हुने भएकाले केही वर्ष अगाडि विकल्पको रुपमा अध्ययन गरिने बीबीएस वर्तमान अवस्थामा धेरै विद्यार्थीहरुको पहिलो रोजाइ हुने गरेको छ । बीबीएस कोर्स सञ्चालन गर्ने कलेजहरुले गरेको कोर्स सुधारका कारण अहिले बीबीएस लोकप्रिय बन्दै गएको हो ।

२०२२ सालदेखि बीबीएस कोर्स सञ्चालन गर्दै आइरहेको एक प्रतिष्ठित कलेज युनाइटेड कलेजका प्रिन्सिपल डा. प्रमिला राईका अनुसार त्यहाँ वाणिज्य विषयमा स्नातक तहको अन्य कार्यक्रमहरु बीबीएम, बीसीए तथा स्नातकोत्तर एमबीएस कार्यक्रमहरु सहित बीबीएस पढ्ने विद्यार्थीहरुको सङ्ख्यामा प्रत्येक साल वृद्धि भइरहेको छ । न्यूनतम शुल्कमा बीबीएमा पाउने सम्पूर्ण क्रियाकलाप, पाठ्यवस्तु तथा सुविधासमेत उपलब्ध गराएकै कारण युनाइटेडमा बीबीएस अध्ययन गर्नेहरुको संख्या बढेको हो । कोर्समा गरिएको सुधारकै कारण



युनाइटेड कलेजले बीबीएसलाई बीबीएस प्लसको संज्ञा दिएको छ ।

हाल आएर अन्य विभिन्न कलेजहरुमा समेत बीबीएस अध्ययन गर्नेहरुको संख्यामा वृद्धि भएको पाइन्छ ।

त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायका डिन प्रा. डा. डिल्लीराज शर्मा बजारको मागअनुसार बीबीएसको पाठ्यक्रममा समयानुकूल परिमार्जन हुँदै गएको बताउँछन् । उनका अनुसार बीबीएस अधिकांश क्याम्पसमा अध्यापन हुने भएकोले विद्यार्थीको सहज पहुँचमा पनि छ र खर्चका हिसाबले पनि व्यवस्थापनका अन्य विषयभन्दा यसको लागत कम छ ।

बीबीएस चौथो वर्षमा इन्टर्नसिप गर्नुपर्छ । बैंक तथा वित्तीय संस्था, बिमा, सेयरबजार र विभिन्न संस्थामा इन्टर्नसिप (व्यावहारिक शिक्षा) गर्नुपर्ने हुँदा विद्यार्थीले पढाइलगत्तै रोजगार पाउन सहज हुन्छ । यही कारण नै नेपालमा पछिल्लो समयमा बीबीएसमा समेत आकर्षण बढिरहेको विभिन्न कलेजमा यही विषय अध्यापन गर्दै आएका सरोज प्याकुरेलले बताए ।

एउटा परिपक्व र व्यावहारिक तथा रोजगारमूलक शिक्षा पाउनका लागि अबको विकल्प बीबीएस नै भएको यो क्षेत्रमा संलग्न व्यक्तिहरुको बुझाइ छ ।

उक्त लेख एकराज सुवेदीको इमेलवाट प्रप्त भएको हो ।

# सूर्यविनायकमा ३७ शय्याको अस्पताल निर्माण

भक्तपुर । भक्तपुरको सूर्यविनायक अस्पतालले साढे ८ करोड रुपैयाँ लागतमा ३७ शय्याको अस्पताल निर्माण गरेको छ । भक्तपुर इँटा टायल कारखानाको २५ रोपनी जग्गामा फैलिएको अस्पतालको पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीले उद्घाटन गरेका थिए । अस्पताललाई नगरपालिकाका जनप्रतिनिधिले आफ्नो कार्यकालमा भएका ५ महत्वपूर्ण कार्यको सूचीमा राखेका छन् । शुक्रबार नगरपालिकाले गरेको विकास निर्माणका कामको अनुगमनका क्रममा स्थानीय जनप्रतिनिधिले अरनिको राजमार्ग छेउमा पर्ने यो अस्पतालबाट नगरबासीका लागि मात्रै नभएर नगरबाहिरका सर्वसाधारणसमेत लाभान्वित हुने विश्वास व्यक्त गरे । अस्पतालमा भेन्टिलेटरसहित ४ शय्याको आईसीयू, १० शय्याको एचडीयू, १३ साधारण र १० शय्याको आकस्मिक कक्ष रहेको नगरपालिकाको वडा नम्बर ८ का वडाध्यक्ष किरण थापाले बताए । अस्पतालमा एक्सरे, साधारण शल्यचिकित्सा, औषधी पसल, ओपिडी सेवा उपलब्ध रहेको थापाले जानकारी दिए । अस्पतालमा सरकारको स्वास्थ्य बिमा सुविधा अन्तर्गतको उपचार गर्ने गरिएको वडाध्यक्ष थापाको भनाइ छ ।

राष्ट्रिय सञ्चार केन्द्र नेपालको आयोजना र नगरपालिकाको समन्वयमा भएको कार्यक्रममा सञ्चारकर्मीले उत्कृष्ट ५ आयोजनाको अवलोकन गरे । अनुगमनका क्रममा नगर अस्पतालका अतिरिक्त वडा नम्बर १० को कार्यालय भवन, सडक, डोलेश्वर मन्दिर र सीपाडोल खानेपानी आयोजनाको अवलोकन गरिएको थियो । अवलोकनमा नगरप्रमुख वासुदेव थापा, उपप्रमुख जुना बस्नेत, वडाअध्यक्षहरू किरण थापा, उपेन्द्र केसी, शिवराम राउत र नगर पालिकाका निर्देशक जनक न्यौपानेले विकास योजनाबारे जानकारी दिए । सूर्यविनायक नगरपालिका उपप्रमुख बस्नेतले यो अवधिमा नगरले यो क्षेत्रमा रहेको राष्ट्रिय प्राणी उद्यान, चित्तपोलमा झोलुंगे पुल, नगरभित्रको शिव सर्किट, हनुमन्ते करिडोर निर्माणलगायत सडक र पुल निर्माणका महत्वपूर्ण काम सम्पन्न भएको बताइन् ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## खाँडादेवी गाउँपालिकाले निशुल्क वाइफाई इन्टरनेट सेवा घोषणा गऱ्यो

रामेछाप । रामेछापको खाँडादेवी गाउँपालिकाले वडा कार्यालय, विद्यालय र स्वास्थ्य चौकीहरुमा दुई वर्षको लागि निःशुल्क फाइबर इन्टरनेट सेवा सञ्चालन ल्याएको छ । योसँगै रामेछाप जिल्लाको पालिका मध्य इन्टरनेटको सवैम पहुच पुऱ्याउने गाउँपालिका भएको छ । पालिकाले सबै वडा कार्यालय, विद्यालय र स्वास्थ्य चौकीहरुमा इन्टरनेट सेवाको सुरुवात गरेर प्रविधिमैत्री पालिका घोषणा गरेको हो । पालिका अन्तर्गत रहेका ८० वटा विद्यालय, वडा



कार्यालयहरु र स्वास्थ्य चौकीहरुमा एरोनेट इन्टरनेट सेवा प्रदायक कम्पनीमार्फत फाइबर इन्टरनेट सेवा जडान गरिएको गाउँपालिका अध्यक्ष प्रेमबहादुर तामाङले जानकारी दिएका छन् । गाउँपालिकाको ९ वटै वडा कार्यालयहरु, विद्यालय, स्वास्थ्य चौकी लगायत पालिका अन्तर्गतका सबै कार्यालयमा इन्टनेटर सेवा पुऱ्याउने साथै पालिकाको ५० स्थानमा फ्रि वाइफाई सेवा सञ्चालन गर्नेगरी इन्टरनेट प्रदायक कम्पनीसँग सम्झौता भएको उनको भनाई छ । इन्टरनेट सेवा जडानको लागि १ करोड १८ लाखको टेण्डर गरिएको भए पनि गाउँपालिकाले गरेको खर्च र इन्टरनेट प्रदायक कम्पनीले गरेको प्राविधिक सहयोग सहित २ करोड रुपैयाँ खर्च भएको अध्यक्ष तामाङले बताए । गाउँपालिका, नेपाल दुरसंचार प्राधिकरण र एरोनेट प्रा.लि.को सहकार्यमा अप्टिकल फाईबर मार्फत जडान गरिएको इन्टरनेट सेवाको बागमती प्रदेशका प्रदेशसभा सदस्य एवम् नेकपा एमाले बागमती प्रदेश कमिटीका सदस्य शान्तिप्रसाद पौडेलको उपस्थितीमा शुक्रबार उद्घाटन गरिएको थियो ।

## सुनापति गाउँपालिका अध्यक्ष कप खेलकुद प्रतियोगिता हुने

रामेछापको सुनापति गाउँपालिकामा तेश्रो सुनापति गाउँपालिका अध्यक्ष कप खेलकुद प्रतियोगिता हुने भएको छ । गाउँस्तरमा रहेको खेलाडीहरुको पहिचान र खेलाडीहरुको क्षमता विकासको उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको गाउँपालिकाका अध्यक्ष धावा लामाले जानकारी दिनुभयो ।

प्रतियोगिता आगामी चैत्र ५ गतेदेखि ८ गतेसम्म सन्चालन हुने अध्यक्ष लामाले बताउनुभयो । प्रतियोगिता अन्तर्गत जिल्ला स्तरीय अन्तरपालिका पुरुष भलिबल प्रतियोगिता तथा ब्याडमिन्टन प्रतियोगिता सञ्चालन हुने छ। यस प्रतियोगिताको प्रथम पुरस्कार २ लाख रुपैयाँ नगद सहित ट्रफि मेडल र प्रमाण-पत्र रहेको गाउँपालिकाले जनाएको छ । द्धितीय पुरस्कार १ लाख रुपैयाँ नगद, ट्रफि मेडल र प्रमाण-पत्र तथा तृतीय पुरस्कार ५० हजार रुपैयाँ नगद, ट्रफि मेडल र प्रमाण-पत्र रहेको छ भने सान्त्वना पुरस्कारमा २५ हजार रुपैयाँ नगद सहित ट्रफि र प्रमाण-पत्र रहेको छ। त्यसैगरी सर्वोत्कृष्ट खेलाडी १० हजार रुपैयाँ नगद सहित ट्रफि र प्रमाण-पत्र, उत्कृष्ट स्पाइकर ५ हजार नगद सहित ट्रफि र प्रमाण-पत्र, उत्कृष्ट सेटर ५ हजार नगद ट्रफि र प्रमाण-पत्र, उत्कृष्ट ब्लकर ५ हजार नगद ट्रफि र प्रमाण-पत्र, उत्कृष्ट डिफेण्डर ५ हजार नगद ट्रफि र प्रमाण-पत्र, उत्कृष्ट सर्भर ५ हजार नगद ट्रफि र प्रमाण-पत्र रहेको छ भने उत्कृष्ट प्रशिक्षकलाई पनि ५ हजार नगद ट्रफि र प्रमाण-पत्र प्रदान गरिने छ । त्यसैगरी ब्याडमिन्टनतर्फ प्रमथ पुरस्कार १५ हजार नगद, ट्रफि मेडल र प्रमाण-पत्र, द्धितीय पुरस्कार १० हजार नगद ट्रफि, मेडल र प्रमाण-पत्र, तृतीय पुरस्कार ५ हजार नगद, ट्रफि, मेडल र प्रमाण-पत्र रहेको छ भने सान्त्वना पुरस्कारमा २ हजा ५ सय रुपैयाँ नगद सहित ट्रफि र प्रमाण-पत्र रहेको छ । त्यस्तै उत्कृष्ट खेलाडी पुरस्कार १ हजार नगद सहित ट्रफि र प्रमाण-पत्र रहेको छ। ब्याडमिन्ट खेल पुरुष तथा महिलातर्फ छुट्टाछुट्टै खेलाइने छ भने पुरस्कार पनि दुवैतर्फकालाई प्रदान गरिने छ ।

## तामाकोसी नदीमा फेला परेको शवको पहिचान खुल्यो

तामाकोशी नदीमा फेला परेको महिलाको शवको पहिचान खुलेको छ। रामेछापको लिखुतामाकोशी गाउँपालिका वडा नं ७ की वर्ष ३८ की निमा डोल्मा तामाङ रहेको रामेछाप प्रहरीले जनाएको छ । मृतकका दाई निर ब तामाङले प्रहरी कार्यालयमा आएर शव बुझेका छन। पोष्टमार्टमपछि मृतकको शव आफन्तलाई जिम्मा लगाइएको प्रहरीले जनाएको छ । मन्थली नगर पालिका वडा नं २ एक्लेबर स्थित तामाकोसी नदीको बिच भागमा पानीको दहमा तामाङको शव फेला परेको थियो ।

## बेपत्ता दिपेश मानन्धर सम्पर्कमा

केही हप्तादेखी बेपत्ता भएका रामेछापको मन्थली नगरपालिका वडा नं १ का २७ बर्षिय दिपेश मानन्धर फेला परेका छन । मानन्धर मन्थलीको भैशेश्वर चोकमा भेटिएका हुन । बिहिवार बिहान घरमा बुबा सँगै खाना खाएर मधुमेहको परीक्षणको लागि अस्पताल जान्छु भनेर हिडेका दिपेश त्यसपछि घरमा फर्किएका थिएनन् । घरवाट उपचारको लागि जान्छु भनेर हिडेका दिपेश गाडी चढेर काठमाण्डौं तर्फ गएको उनले बताएका छन्। उनी काठमाण्डौंमा गएर साथीहरुसँग बसेको र पछि साथीहरुसँग विदा मागेर आफै घर आएको दिपेशले आफ्नो बुबा आमालाई जानकारी गराएका छन् । दिपेशले काठमाण्डौं जान्छु भन्दा घरमा अभिभाबकहरुले गाली गर्ने डरले नभनी आफुखुशी गएको बताएका छन् ।

## एनसीसी बैंकका ग्राहकलाई सोल्टी होटलमा १० प्रतिशत छुट

काठमाडौं । एनसीसी बैंकले सोल्टी इन्टरप्राइजेज प्रा.लिसँग सम्झौता गरेको छ । बैंकका ग्राहकलाई थप सेवा सुविधा प्रदान गर्ने सम्बन्धमा द्विपक्षीय सम्झौता गरेको जनाएको छ । यस सम्झौता मार्फत बैंकका ग्राहकहरुले काठमाडौंमा



अवस्थित सोल्टी होटल र नेपालगञ्जमा अवस्थित सोल्टी वेस्टण्ड प्रिमियरमा बैंकको डेबिट/क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग मार्फत भुक्तानी गर्दा फुण्ड एण्ड बेभरेजमा १० प्रतिशत छुट प्राप्त गर्न सक्ने जनाइएको छ । साथै सोल्टी इन्टरप्राइजेज अन्तर्गत संचालनमा रहेका अन्य होटलहरुमा समेत यो छुट प्राप्त हुनेछ । यस सम्झौता अन्तर्गत बैंक र इन्टरप्राइजेज बीच प्रबर्द्धनात्मक कार्यक्रमहरु समेत संचालन गर्ने सहमति भएको हो । एनसीसी बैंकले देशभर १३७ शाखा, १३ एक्स्टेन्सन काउन्टर र ११४ एटिएम मार्फत ग्राहकहरुलाई स्तरीय सेवा प्रदान गर्दै आएको छ ।

## कृषि विकास बैंकको रतुवामाई शाखाद्वारा नगरबासीहरुको निःशुल्क बैंक खाता

गोपेश्वर महादेव मन्दिर रतुवामाई १०, सोमबारेद्वारा फागुन ११ गतेदेखि मिति १८ गतेसम्म आयोजना हुने श्री अग्नी महापुराण तथा धान्याञ्चल नवाह ज्ञान महायज्ञ पुराणमा कृषि बिकास बैंक लि. शाखा कार्यालय रतुवामाई सोमबारेले स्थानीय नगरबासीहरुलाई लक्षित गरि मन्दिर परिसरभित्र स्टल राखि बैंकको व्यवसाय अभिबृद्धि गर्नका लागि बैंकले प्रदान गर्ने सम्पूर्ण सेवा सुबिधाहरुको प्रचार प्रसार गर्ने कार्य गर्दै आएको छ ।

उक्त अवसरमा कार्यालय प्रबन्धक जिरन बुढाथोकीले नेपाल सरकारको बजेट तथा कार्यक्रममा उद्घोष गरे बमोजिम सम्पूर्ण नगरबासीहरुको बैंकिङ्ग पहुँच अभिबृद्धि गर्ने अभिप्रायले सम्पूर्ण नगरबासीहरुको निःशुल्क बैंक खाता




खोल्ने अभियान संचालन गरिएको बताए । साथैं बैंकले प्रदान गर्ने सेवा सुबिधाहरुमा कुनै जिज्ञासा रहेमा उक्त स्टलका प्रमुख भुपाल बिष्टलाई सम्पर्क गर्नसमेत आव्हान गरे ।

उक्त महायज्ञ पुराण आयोजकका अध्यक्ष खेमराज निरौंलाले भौतिकरुपमा उपस्थित हुन नसक्ने देश बिदेश तथा स्वदेशमा रहेका नगरबासीहरुलाई आर्थिक सहयोग साथसाथै कृषि बिकास बैंक शाखा कार्यालय रतुवामाई सोमबारेमा रहेको अक्षयकोष खातामा रकम जम्मा गरि सहयोग गर्न सकिनेसमेत जानकारी गराए । साथैं कृषि विकास बैंक रतुवामाई सोमबारे शाखाले स्टल राखी नगरबासीहरुमा बित्तिय पहुँच विस्तार गरेकोमा गोपेश्वर महादेव मन्दिर परिवार तथा आयोजक समिति बैंकप्रति आभारी रहेको बताए ।

## सेञ्चुरी बैंकका थप दुई शाखा टेकु र पेप्सीकोलामा

सेञ्चुरी कमर्सियल बैंक लिमिटेडले ग्राहक वर्गहरुलाई आफ्नो सेवाविस्तार गर्ने क्रममा काठमाडौंको टेकु र पेप्सीकोलामा नयाँ दुई शाखा सञ्चालनमा ल्याएको छ । बैंकका अध्यक्ष राजेश कुमार श्रेष्ठले टेकु शाखा रसंचालक रणबहादुर श्रेष्ठले पेप्सीकोला शाखा समुद्घाटन गरी सेवा शुभारम्भ गरेका हुन् । उक्त कार्यक्रममा बैंकका संचालक मनबहादुर राई, सुनिलन्यौपाने, प्रा.डा. गीताप्रधान, बैंक उच्चव्यवस्थापन समूह, स्थानीयबासीहरुको उपस्थिति रहेको थियो । टेकु र पेप्सीकोलामा थप दुई शाखा संचालनमा आएपछि उपत्यकाभित्र बैंकको शाखा संख्या २५ पुगेको छ । देशमा सुगमतथादुर्गम क्षेत्रसम्म सेवा विस्तार गर्ने उद्देश्यले यस अघि बैंकले देशका विभिन्न स्थानहरुमा शाखा, शाखारहित बैंकिङ्ग तथा एक्सटेन्सन काउण्टरहरु संचालनमाल्याई बैंकिङ्ग सेवाप्रदानगर्दै आएको छ । बैंकको कुलशाखा संख्या १२८पुगेको छ भने बैंकले १० एक्सटेन्सन काउण्टर २५शाखारहित बैंकिङ्ग र १०७ वटा एटिएममार्फत वित्तीय सेवाप्रदानगर्दै आएको छ ।

## महालक्ष्मी विकास बैंकको साधारण सभा सम्पन्न

काठमाडौं । महालक्ष्मी विकास बैंकले २०औं वार्षिक साधारण सभा सम्पन्न गरेको छ । सभाले हाल कायम चुक्तापूँजीको २० प्रतिशतका दरले बोनश शेयर र बोनश शेयरमा लाग्ने कर प्रयोजनार्थ १ दशमलव शून्य ५ प्रतिशत नगद लाभांश गरि कुल २१ दशमलव शून्य ५ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको बैंकले जनाएको छ । सञ्चालक समितिका अध्यक्ष राजेश उपाध्यायको अध्यक्षतामा सम्पन्न सभाले आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरि पारित गर्ने भएको छ । स्थगित २० औं वार्षिक साधारण सभाबाट संस्थापक समूह (क) बाट राजेश उपाध्याय, संजय गिरी र दिपक कुमार रौनीयार र सर्वसाधारण समुह (ख) बाट श्याम सुन्दर रुङ्गटा, राहुल अग्रवाल र रुपेन्द्र पौडेल सञ्चालक पदमा निर्वाचित भएका छन् । साथै कम्पनीको फागुन १३ नै बसेको कम्पनीको सञ्चालक समितिको बैठकले कम्पनीको अध्यक्षमा पुन राजेश उपाध्यायलाई नै अध्यक्षमा पदमा चयन गरेको छ ।

## सानिमा बैंकको क्यास ब्याक अफर

काठमाडौं । सानिमा बैंकले नक्साल तरकारी बजारमा सजिलो ई बैंकिङ्ग मार्फत क्युआर कोडबाट भुक्तानी गर्दा क्यास ब्याकको अफर ल्याएको छ । बैंकले आफ्ना ग्राहकहरुले यो योजना अन्तर्गत २०७८ फाल्गुनदेखि २०७९ बैशाख मसान्त सम्मका यो अफर पाउने छन् ।

नक्साल तरकारी बजारमा सानिमा बैंकका ग्राहकले बैंकको मर्चेन्टसँग क्युआर




स्क्यान गरी भुक्तानी गर्दा प्रति कारोबारमा २५ वा अधिकतम रु २० तथा मासिक अधिकतम ५ सयसम्मको क्यास ब्याक प्राप्त गर्न सक्ने बैंकले जनाएको छ । बैंकको अनुसार क्यास ब्याक वापत रकम आगामी महिनाको पहिलो हप्ता ग्राहकको खातामा जम्मा गरिनेछ । ग्राहकहरुले एप स्टोर तथा प्ले स्टोरबाट सानिमा सजिलो ई बैंकिङ्ग एप डाउनलोड गरी नजिकैको शाखाबाट कारोबार सुचारु गर्न सक्ने बैंकले जनाएको छ। बैंकको सातै प्रदेशमा गरि १२३ वटा कार्यालय तथा १०३ वटा एटिएम संचालनमा रहेका छन् ।

## सांग्रिला डेभलपमेन्ट बैंकको ११० औं शाखा बर्दियामा

सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले ग्रामीण साथै शहरी क्षेत्रमा समेत आफ्नो उपस्थितिलाई थप दरिलो बनाउने क्रम सँगै जयनगर (मगरागढी), बार वर्दिया नगरपालिका वडा नं. ६, बर्दियामा शाखा संचालनमा ल्याएको छ। बैंकले विहीवार सो शाखा संचालनमा ल्याएको हो ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानिय विकाशको आधार

जयनगर (मगरागढी) शाखा कार्यालय संचालनमा आएसँगै सो क्षेत्रका सर्वसाधारणलाई सहज बैंकिङ्ग सुविधा पुग्ने विश्वास बैंकले लिएको छ ।

यो सँगै सांग्रिला डेभलपमेन्ट बैंकको कुल शाखा संख्या ११० पुगेको छ र यस शाखाको उद्घाटन बारबर्दिया नगरपालिकाका नगरप्रमुख दुर्गाबहादुर थारु ( कबिर) तथा यस बैंकका अध्यक्ष अच्यूतप्रसाद प्रसाईद्वारा सामुहिकरुपमा गर इएको थियो । सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले आफ्ना ग्राहकवर्गहरुलाई विभिन्न प्रकारका बैंकिङ्ग सुविधाहरु दिंदै आएकोमा यस शाखाको सञ्चालनबाट यस क्षेत्रका ग्राहकहरुलाई अझ सरल र सहज तरिकाले बैकिङ्ग सेवा लिने वातावरण बनेकोमा बैंक विश्वस्त रहेको छ । बैंकले हरेक सम्भावित क्षेत्रमा आफ्ना ग्राहकलाई सेवा उपलब्ध गराउने अभिप्रायले अन्य विभिन्न स्थानहरुमा चाँडै नै थप शाखा कार्यालय संचालन गर्ने योजना बनाएको जनाएको छ ।

## मुक्तिनाथ विकास बैंकद्वारा मनोरम नगर समाजलाई आर्थिक सहयोग

मुक्तिनाथ विकास बैंकले मनोरम समाजलाई आर्थिक सहयोग गरेको छ । बैंकले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत भक्तपुरको लोकन्थली स्थित मनोरम बालबालिका बाटिकामा पार्क निर्माण सम्बन्धी कार्य गर्न मनोरम नगर समाजलाई आर्थिक सहयोग गरेको हो । बैंकले सोमबार एक कार्यक्रमको आयोजना




गर्दै मनोरम नगर समाजलाई चेक हस्तान्तरण गरेको छ । उक्त कार्यक्रममा बैंकका तर्फबाट मार्केटिङ प्रमुख बसन्त बक्शी, काठमाडौं उप–क्षेत्रीय प्रमख ज्योति प्रकाश अर्याल, लोकन्थली शाखाका प्रबन्दक सुरज गौतम र अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो । यस्तै कार्यक्रममा मनोरम नगर समाजको तर्फबाट अध्यक्ष विश्व वन्धु गौतम तथा अन्य आधिकारिक सदस्यहरुको पनि उपस्थिति थियो । बैंकको उक्त सहयोगबाट पार्क निर्माणको कार्य सम्पन्न गर्न तथा वृक्षारोपण तथा सम्भार गर्न मद्दत पुग्ने मनोरम नगर समाजले जानकारी दिएको छ। मुक्तिनाथ विकास बैंकले आफ्नो सामाजिक उत्तरदायित्वलाई आत्मसाथ गर्दै, उक्त सहयोगबाट सेवा क्षेत्रका नागरिक र व्यक्तिहरुको हितमा काम हुने विश्वास लिएको छ ।

# अर्थ संसार

## काम नलाग्ने नोट नष्ट गर्न राष्ट्र बैंकले ल्यायो नयाँ मसिन

काठमाडौं । नोट धुल्याउने कार्यलाई आधुनिकीकरण र यान्त्रिकरण गर्ने उद्देश्यका साथ सञ्चालनमा ल्याइएको बैंक नोट स्रेडिङ एण्ड ब्रिकेटिङ सिस्टम (बीएसबीएस) को नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयमा औपचारिक सुरुवात गरिएको छ ।

आयोजित कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले बीएसबीएस मसिनको 'स्वीच अन' गरेर यसको शुभारम्भ गरे । चलनचल्तीको निम्ति अयोग्य ठहरिएका नोटलाई जलाएर नष्ट गरिँदै आइएकोमा बीएसबीएस मसिनको प्रयोगमार्फत स-साना टुक्रा बनाउने र स्वचालित प्रविधिबाट ब्रिकेट उत्पादन



गर्ने उद्देश्यले उक्त प्रणाली अवलम्बन गरिएको राष्ट्र बैंकले जनाएको छ । सो अवसरमा गभर्नर अधिकारीले बैंकको कार्यसम्पादनलाई आधुनिक र प्रविधिमैत्री बनाउने सन्दर्भमा बीएसबीसको सुरुवात एउटा महत्वपूर्ण उपलब्धि रहेको धारणा राखे । बीएसबीएसमार्फत् तयार गरिने ब्रिकेट प्रयोगको सम्भावित क्षेत्रबारे अध्ययन भइरहेको जानकारी उनले दिए । साथै बीएसबीएसलाई व्यवस्थित तुल्याउन नोट धुल्याउने नियमावली संशोधन र यससम्बन्धी कार्यविधि तर्जुमाको प्रक्रिया अन्तिम चरणमा पुगेको जानकारीसमेत गभर्नर अधिकारीले दिए । कार्यक्रममा मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले अयोग्य नोट धुल्याउन बैंकले अवलम्बन गरेको नीतिगत व्यवस्थाबारे चर्चा गर्दै बीएसबीएसको सञ्चालन प्रक्रियाबारे जानकारी दिए । सो अवसरमा कोष तथा लेखा नियन्त्रकको कार्यालय, मोरङका प्रमुख परशुराम नेपालले बीएसबीएसको प्रयोगले नोट धुल्याउने पद्धतिलाई आधुनिक बनाएको धारणा राखे ।

कसरी गर्छ काम ?

बीएसबीएस मसिनले कटन, पोलिमरलगायत सबै किसिमका बैंक नोटका प्याकेट र बन्डललाई टुर्क्याएर ब्रिकेट तयार गर्दछ । उक्त मसिनमा दुई वटा खण्ड रहन्छन् । पहिलो खण्डले नोटलाई टुर्क्याउने कार्य गर्छ भने दोस्रो खण्डले टुर्क्याइएको नोटबाट ब्रिकेट तयार गर्छ । उक्त मसिनमा एक पटकमा २०० केजीसम्म बैंक नोट राख्न सकिन्छ र मसिनले प्रतिघण्टा १०० केजी नोटलाई टुर्क्याउने क्षमता राख्छ । यस्तो टुक्राको औसत आकार ६x६ मि.मि. हुनेछ । यसरी टुर्क्याइएको नोटलाई प्रतिघण्टा २०० केजीको दरले प्रशोधन गरी ब्रिकेट तयार गर्न सकिन्छ । बीएसबीएस मसिनलाई प्रतिवर्ष एक हजार घण्टासम्म सञ्चालन गर्न सकिनेछ । यस्तो ब्रिकेट ईंटाभट्टा, कागज कारखाना, कोइला प्रयोग गरिने उद्योगसँगै घरायसी प्रयोजनमा समेत उपयोगी हुने विश्वास लिइएको छ । थापाथलीस्थित बैंकको निर्माणाधीन भवनसँगै विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी कार्यालयमा उक्त प्रणाली जडान गरी सञ्चालनमा ल्याउने बैंकको योजना छ । यी मसिनहरू नेदरल्याण्डबाट आयात गरिएको हो ।

बीएसबीएसमार्फत नोट धुल्याउने पद्धतिलाई नीतिगत रूपमा व्यवस्थित गर्ने गरी नोट धुल्याउनेसम्बन्धी प्रचलित नियमावलीमा आवश्यक संशोधन गर्ने प्रक्रियासमेत अघि बढाइएको छ । यसरी सञ्चालनमा ल्याइएको बैंक नोट स्रेडिङ एण्ड ब्रिकेटिङ सिस्टम (बीएसबीएस) वातावरणीय दृष्टिले समेत उपयोगी हुने अपेक्षा राखिएको छ ।

## कामना सेवाको थप ३ स्थानमा शाखा रहित बैंकिङ्ग सेवा विस्तार



काठमाडौ । कामना सेवा विकास बैंक लिमिटेडले देशका विभिन्न स्थानहरुमा सर्वसुलभ तथा अत्याधुनिक बैंकिङ सेवा पुरयाउने उद्देश्यका साथ थप ३ स्थानमा मोबाइल एप मार्फत शाखारहित बैंकिङ सेवा आराम्भ गरेको छ । बैंकले सेवा विस्तार गर्ने क्रममा मिति २०७८ साल फागुन १५ गतेबाट रुपन्देही जिल्लाको देवदह न.पा. वडा नं. ८, अर्घाखाँची जिल्लाको सितगंगान.पा. वडा नं. २, सितापुर र लमजुङ जिल्लाको मध्य नेपाल न.पा. वडा नं ७ रामबजारमा शाखारहित बैंकिङ सेवा सञ्चालनमा ल्याएको बैकले जानकारी दिएको छ ।

देवदह न.पा. मादेवदह मोबाइल एण्ड कम्प्युटर (प्रो. घनश्याम के.सी.), सितगंगान.पा.मा सचिन मोबाइल सेन्टर (प्रो. सचिन बोहोरा) र मध्य नेपाल न.पामाइशानेश्वर इलेक्टोनिक्स, (प्रो. निर्दोश घिमिरे) लाई व्यावसायिक प्रतिनिधि नियुक्त गरिएको उल्लेख गरी बैकले जानकारी दिएको छ ।

# सन्दर्भ युक्रेनको, शिक्षा नेपाललाई

**गेजा शर्मा वाग्ले**

लामो समयदेखिको आशंका र प्रक्षेपण अनुसार सार्वभौम युक्रेनका द्वन्द्वग्रस्त दुई क्षेत्र दोनेत्स्क र लुहान्स्कलाई गत सोमबार रूसका राष्ट्रपति भ्लादिमिर पुटिनले 'स्वतन्त्र राज्य' को मान्यता दिँदै युक्रेनमा सैन्य आक्रमण गरेपछि सार्वभौमिक स्वतन्त्रता र भौगोलिक अखण्डताबारे गम्भीर बहस प्रारम्भ भएको छ।

सार्वभौमिक स्वतन्त्रता र भौगोलिक अखण्डतालाई चुनौती दिँदै पुटिनको आदेश अनुसार रूसी सैनिकले जल, स्थल र हवाई मार्गबाट गैरसैनिक क्षेत्रमा समेत आक्रमण गरेपछि युक्रेन अहिले युद्धभूमिमा परिणत भएको छ। उत्तरमा बेलारुस र खर्किभ, पूर्वमा लुहान्स्क र दक्षिणमा क्रिमियाजस्ता सामरिक दृष्टिले महत्त्वपूर्ण विन्दुबाट प्रवेश गरेको रूसी सेनाले युक्रेनमा अहिले युद्धको ताण्डवनृत्य देखाइरहेको छ। युक्रेनमा सैन्य आक्रमण गरेर रूसले स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, युक्रेनको संविधान, अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्रसंघको बडापत्रलाई ठाडै चुनौती दिएको छ। अमेरिका, बेलायत, फ्रान्स, युरोपियन युनियन, क्यानडा, अस्ट्रेलिया लगायतले रूसको अतिक्रमणकारी र विखण्डनवादी कदमको कडा भर्त्सना गर्दै सशक्त प्रतिवाद गर्ने चेतावनी दिएका छन। तर पुटिनले युद्धका पक्षमा अन्तर्राष्ट्रिय समर्थन हासिल गर्न उच्चस्तरीय कूटनीतिक पहल गरिरहेका छन। सैन्य दृष्टिले शक्तिशाली तथा भौगोलिक दृष्टिले विशाल रूसले सानो छिमेकी युक्रेनमाथि आक्रमण गरेपछि साना राष्ट्रहरूको सार्वभौमिक स्वतन्त्रता र भौगोलिक अखण्डतामाथि नै गम्भीर प्रश्नचिह्न खडा भएको छ। युक्रेन प्रकरणले समकालीन राजनीतिमा शक्तिराष्ट्रहरूको हस्तक्षेपकारी र विखण्डनकारी भूमिकालाई मात्रै प्रोत्साहित गरेको छैन; राजनीतिक दृष्टिले अस्थिर, आर्थिक दृष्टिले कमजोर, सामरिक दृष्टिले संवेदनशील र भौगोलिक दृष्टिले साना राष्ट्रहरूको सार्वभौमिकता संकुचित हुन सक्ने पूर्वसंकेतहरूसमेत देखिएका छन। त्यसैले रूस-युक्रेन द्वन्द्व भौगोलिक दृष्टिले विशाल तथा सैन्य दृष्टिले शक्तिशाली उदीयमान शक्तिराष्ट्रहरू भारत र चीनबीच रहेको भूपरिवेष्टित र सानो देश नेपालका लागि समेत गम्भीर चिन्ताको विषय बनेको छ।

युक्रेनको अभिशप्त नियति

रूस र युरोपका लागि सामरिक दृष्टिले अत्यन्त महत्वपूर्ण भए पनि शक्तिराष्ट्रहरूको भूराजनीतिक प्रतिस्पर्धा र सामरिक स्वार्थका कारण इतिहासमा घरीघरी स्वतन्त्रता र पराधीनताको अभिशप्त नियति भोग्दै आएको युक्रेनले सन् १९९१ मा सोभियत साम्राज्यको जन्जिरबाट मुक्ति पाएको थियो। तर स्वतन्त्र भएको २४ वर्ष पनि नपुग्दै १८ मार्च २०१४ मा रूसका लागि सामरिक दृष्टिले महत्त्वपूर्ण मानिने क्रिमिया प्रायद्वीपलाई अप्रत्याशित र अत्यन्त नाटकीय रूपमा विवादास्पद जनमत संग्रहबाट पुनः रूसमा गाभिएको घोषणा गरिएपछि युक्रेनको अर्को दुःखान्त अध्याय प्रारम्भ भएको थियो। सोभियत संघको विघटनपछि राजनीतिक र आर्थिक दुवै दृष्टिले कमजोर भएको तथा भौगोलिक दृष्टिले खुम्चिएको रूस दोस्रो विश्वयुद्धपछि पहिलो पटक भौगोलिक विस्तार गरी एक्काइसौं शताब्दीमा नयाँ स्वरूप र शैलीको साम्राज्यवादी तथा नवविस्तारवादी शक्तिका रूपमा प्रस्तुत भएको थियो। युरोप र रूसबीचको बफर स्टेट भएकाले युक्रेनमा आफ्नो प्रभाव विस्तारका लागि रूस र पश्चिमाहरूको अस्वस्थ प्रतिस्पर्धा जारी छ। युक्रेनको युद्धग्रस्त नियति रूस र पश्चिमाहरूको अस्वाभाविक भूराजनीतिक प्रतिस्पर्धाकै स्वाभाविक परिणाम हो। सन् १९९१ मा सोभियत संघको विघटनपछि नयाँ देशहरू स्थापित भए पनि रूसको राष्ट्रिय सुरक्षा र सामरिक स्वार्थका दृष्टिले ती देशमा आफ्नो प्रभाव र नियन्त्रण कायमै राख्नुपर्ने रूसको घोषित नीति छ। त्यसैले आफ्नो छिमेकमा परम्परागत प्रभाव कायमै राख्न रूसले जतिसुकै अप्रिय र अलोकप्रिय भए पनि आवश्यकता अनुसार सबै अस्त्र प्रयोग गर्दै आइरहेको छ। छिमेकमा बढ्दो पश्चिमा प्रभावले अन्ततः राष्ट्रिय सुरक्षा र सामरिक स्वार्थमा आँच आएको जानकारी सोभियत संघकालीन जासुसी निकायको उच्च अधिकृत भइसकेका पुटिनलाई नहुने प्रश्नै भएन। सोभियत संघको विघटनपछि स्थापित भएका नयाँ देशहरू सामरिक दृष्टिले महत्वपूर्ण भएकाले राजनीतिक तथा कूटनीतिक प्रभाव विस्तार गरी रूसलाई घेराबन्दी गर्ने अघोषित रणनीति अमेरिका र युरोपेली देशहरूले अख्तियार गर्दै आएका छन। पश्चिमाहरूले सामरिक दृष्टिले महत्वपूर्ण ब्ल्याक सीमा सघन सैन्य उपस्थितिका लागि नेटोको विस्तारलाई उच्च प्राथमिकता दिँदै आएका छन। सोभियत संघको विघटनपछि स्थापित भएका नयाँ देशहरूमध्ये एस्टोनिया, लाटभिया र लिथुआनिया सन् २००४ मा युरोपेली युनियन र नेटो सदस्य भएका छन। सन् २००८ मा युक्रेनले नेटोको सदस्यताका लागि औपचारिक रूपमा निवेदन दिए पनि रूसको सम्भावित प्रतिक्रियालाई ख्याल गर्दै पश्चिमाहरूले निर्णय भने गरिसकेका छैनन। बेलारूस, आर्मेनिया, कजाखस्तान, किर्गिजस्तानमा रूससमर्थित सरकार भए पनि अन्य देशका सरकारहरू पश्चिमासमर्थित मानिन्छन। त्यसैले लामो समयदेखि रूस र पश्चिमाहरूको 'प्रोक्सी वार' को रणभूमि युक्रेन र जर्जिया बन्दै आएका छन। सन् २००४ मा युक्रेनमा भएको 'अरेन्ज रिभोल्युसन' मार्फत पश्चिमासमर्थित भिक्टर युस्चेन्को राष्ट्रपति भएका थिए। तर २०१० को निर्वाचनमा विजयी भएका रूसपरस्त राष्ट्रपति भिक्टर यानुकोभिचले युरोपेली युनियनसँग सहकार्य गर्न अस्वीकार गरेपछि उनीविरुद्ध शृंखलाबद्ध विरोध प्रदर्शनहरू भएका थिए। २०१४ को 'रिभोलुसन अफ डिग्निटी' ले यानुकोभिचलाई सत्ताच्युत गरी पुनः पश्चिमासमर्थित सरकार गठन भएको थियो। युक्रेनमा रूस तथा पश्चिमासमर्थित सरकार गठन र अपदस्थ हुनु भूराजनीतिक प्रतिस्पर्धाका नियमित आकस्मिकता हुन। वास्तवमा युक्रेनमा अरेन्ज रिभोल्युसनदेखि अहिलेको युद्धसम्मका सबै प्रकरण शक्तिराष्ट्रका भूराजनीतिक, सामरिक तथा कूटनीतिक प्रतिस्पर्धाका भद्दा संस्करण मात्रै हुन।

रूसका चेचन्या र दागिस्तान लगायतका प्रान्तमा देखिएका स्वतन्त्रताका स्वर र अधिकारका आन्दोलन आन्तरिक सुरक्षालाई चुनौती भएको निष्कर्षमा पुगेका पुटिनका लागि छिमेकमा समेत पश्चिमा प्रभाव थप जोखिमपूर्ण हुँदै गएको थियोरु। त्यसैले जुनसुकै चुनौती पनि सामना गर्ने तर आफ्नो परम्परागत प्रभावक्षेत्रमा अमेरिका र युरोपेली देशहरूको प्रभाव विस्तार हुन नदिन युद्धजस्तो कठोर र अलोकप्रिय कदम पनि उठाउन पुटिन दृढ देखिएका छन। यस्तो विखण्डनकारी, हस्तक्षेपकारी र विस्तारवादी नीतिका कारण अन्तर्राष्ट्रिय जगत्बाट पूर्ण रूपमा एक्लिएर रूस प्रतिरक्षात्मक भएको छ। तर अन्तर्राष्ट्रिय परिस्थिति जति प्रतिकूल भए पनि पुटिनले राष्ट्रिय स्वार्थका लागि अहिले यस्तो जोखिमपूर्ण निर्णय लिएको देखिन्छ। युक्रेनमा पश्चिमा र रूसको भूराजनीतिक प्रतिस्पर्धा हिजो पनि थियो, आज पनि छ र भोलि पनि रहनेछ। उक्त प्रतिस्पर्धाका कारण रूसका आन्तरिक र बाह्य सुरक्षा चुनौती थपिएका पनि होलान्, त्यो रूसको आन्तरिक समस्या हो, तर राष्ट्रिय सुरक्षाको बहानामा छिमेकी सार्वभौम देशको सम्प्रभुताको चीरहरण गरी देश नै विभाजन गर्ने अधिकार कुनै पनि देशलाई छैन। किनभने भौगोलिक दृष्टिले देशहरू ठूलो वा सानो भए पनि सार्वभौमिकताको सिद्धान्त समान (प्रिन्सिपल अफ सोभरेन इक्वालिटी) हुन्छ। यस्तो हस्तक्षेपकारी, विखण्डनकारी र विस्तारवादी प्रवृत्तिको निन्दा र भर्त्सना गर्नु मात्रै पर्याप्त हुन्न, रूसले त्यसको दण्डसमेत पाउनुपर्छ।

शक्तिराष्ट्रहरूको दोहोरो मापदण्ड

भौगोलिक रूपमा सानो छिमेकी युक्रेनलाई पटकपटक विखण्डन गरी युक्रेनी जनताको सार्वभौमिकता अपहरण गरेको आरोप लगाउँदै अमेरिका र युरोपेली देशहरूले रूसलाई आर्थिक नाकाबन्दीका साथै कठोर सैन्य कदम चाल्न सक्ने चेतावनी दिँदै आएका छन। युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूसविरुद्ध तथा युक्रेनको सार्वभौमिकताको पक्षमा अन्तर्राष्ट्रिय ऐक्यबद्धता, समर्थन र सहयोगका लागि अमेरिका, नेटो र युरोपेली देशहरूलाई अपिल गरिरहेका छन। तर अमेरिका, नेटो र युरोपेली लगायत कुनै पनि देशहरूले विज्ञप्ति प्रकाशित गरी रूसको विरोध र युक्रेनको समर्थन गर्नेबाहेक ठोस सहयोगको घोषणा गरिसकेका छैनन। त्यसैले रूसले सैन्य आक्रमण गरेको अवस्थामा अमेरिका, नेटो र युरोपेली देशहरूबाट ठोस सहयोग पाउने अपेक्षा गरेका युक्रेनका राष्ट्रपति जेलेन्स्की अहिले निराश देखिएका छन। दोस्रो विश्वयुद्धपछि उपनिवेशवाद विरुद्ध भएका आन्दोलनहरू सफल भई धेरै देश स्वतन्त्र भए। नेपालकै छिमेकी भारत र पाकिस्तान पनि सन् १९४७ मा मात्र ब्रिटिस साम्राज्यबाट स्वतन्त्र भएका हुन। सोभियत संघ र युगोस्लाभियाको विघटनपछि पश्चिमाहरूको समर्थनमा धेरै देश स्वतन्त्र भए भने केही नयाँ देशहरू पनि अस्तित्वमा आए। २०१४ मा जुन प्रक्रियाद्वारा क्रिमिया रूसमा विलय भयो, त्यही प्रक्रियाद्वारा पश्चिमाहरूको समर्थनमा २००८ मा कोसोभो नयाँ राष्ट्रका रूपमा स्थापना भएको थियो। फरक यति मात्रै हो, पश्चिमाहरूले कोसोभोलाई स्वतन्त्र बनाए, रूसले आफ्नो देशमा विलय गरायोरु। तर दुवैको उद्देश्य समान छ- भूराजनीतिक, कूटनीतिक तथा सैन्य प्रभाव विस्तार गरी आफ्नो राष्ट्रिय स्वार्थको सुरक्षा। उपनिवेशवादविरुद्ध स्वतन्त्रताको संघर्षबाट नयाँ राष्ट्रहरू मात्रै स्थापित भएनन्, केही देशहरूले सार्वभौमिक स्वतन्त्रतासमेत गुमाए। नेपालकै छिमेकी सामरिक दृष्टिले महत्वपूर्ण तर साना हिमाली देशहरू तिब्बतलाई सन् १९५९ मा चीनमा र सिक्किमलाई १९७५ मा भारतमा विलय गरिएको थियो। २०१४ मा क्रिमियामा जस्तै जनमतसंग्रहमार्फत सिक्किमलाई भारतमा र सैन्य शक्तिको बलमा तिब्बतलाई जबर्जस्ती चीनमा गाभिएको थियो। सन् २०१४ मा क्रिमियामा जुन परिदृश्य देखिएको थियो, त्यसको पूर्वझलक कोसोभोमा २००८ मै देखिएको थियो। त्यस बेला सर्बियाबाट विभाजित भई स्वतन्त्र हुने कोसोभोको जुन प्रक्रियालाई पश्चिमाहरूले समर्थन गरेका थिए, रूसले क्रिमियामा पनि सोही प्रक्रिया अनुसरण गरेको थियो। शक्ति राष्ट्रहरूको सामरिक स्वार्थको टकराव हुँदा तथा कमजोर राष्ट्रले कूटनीतिक तथा सामरिक सन्तुलन कायम गर्न नसक्दा राष्ट्रिय अस्तित्वसमेत मेटिन सक्दो रहेछ भन्ने दुःखद दृष्टान्त सर्बिया र युक्रेनमा देखिएको छ। शक्तिराष्ट्रहरूको दोहोरो मापदण्डले सार्वभौमिक स्वतन्त्रता र भौगोलिक अखण्डताको बहस थप जटिल र पेचिलो बनाएको छ। अर्को दुःखद र निराशाजनक दृश्य के देखिएको छ भने, युक्रेन प्रकरणमा संयुक्त राष्ट्रसंघ जस्तो विश्वको सर्वोच्च र तटस्थ निकायले मूकदर्शक बन्नुबाहेक कुनै उल्लेखनीय र प्रभावकारी भूमिका निर्वाह गर्न सकेको छैन। यसै गरी शक्तिराष्ट्रहरूको स्वार्थको मिलन अथवा टकराव जे भए पनि राष्ट्रसंघसमेत निरीह हुने रहेछ भन्ने पुष्टि भएको छ। भौगोलिक अखण्डता र सार्वभौमिकताजस्तो प्रश्नमा राष्ट्रसंघ शक्तिराष्ट्रहरूको लाचार छाया हुनु साना देशहरूको अस्तित्वरक्षाका दृष्टिले चिन्ताजनक विषय हो।

नेपालले लिनुपर्ने शिक्षा

युक्रेन र नेपालबीच भौगोलिक सामीप्य छैन र सन् १९९३ मा कूटनीतिक सम्बन्ध स्थापना गरिए पनि औपचारिकतामा मात्र सीमित छ। तर नेपाल र युक्रेनको भूराजनीतिक, राजनीतिक, सामरिक र संक्रमणकालीन परिवेशमा धेरै समानता देखिएका छन। उदीयमान शक्तिराष्ट्रहरू भारत र चीनबीचको 'बफर स्टेट' मानिने नेपाल युक्रेनजस्तै भूराजनीतिक र सामरिक दृष्टिले अत्यन्त संवेदनशील देश हो। दशक लामो सशस्त्र युद्ध, दशक लामो संक्रमणकाल र संविधान जारी भएपछि पनि अस्थिरताको चक्रव्यूहबाट गुज्रिरहेको नेपालमा पनि युक्रेनमा जस्तै शक्तिराष्ट्रहरूको भूराजनीतिक तथा सामरिक स्वार्थको कालो बादल मडारिएको छ।

युक्रेनमा रूसको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक तथा सैन्य प्रभावजस्तै नभए पनि परम्परागत रूपमा नेपालमा भारतको प्रभाव कायमै छ भने, चीनले पनि अर्थपूर्ण रूपमा भूराजनीतिक तथा कूटनीतिक प्रभाव विस्तार गर्दै गइरहेको छ। नेपालमा छिमेकीको आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक तथा सैन्य प्रभाव मात्रै होइन; भारत, चीन र अमेरिकाको त्रिकोणात्मक गहन भूराजनीतिक, सामरिक तथा कूटनीतिक स्वार्थसमेत छ। केही समयदेखि एमसीसी र बीआरआई परियोजनाबारे अमेरिकी र चिनियाँ उच्च अधिकारीहरूका सार्वजनिक आरोप-प्रत्यारोप र वाक्युद्ध सोही स्वार्थका तरंगहरू हुन।

राजनीतिक अस्थिरता र लामो संक्रमणकालबाट गुज्रिरहेको नेपालजस्तो भूराजनीतिक दृष्टिले अत्यन्त संवेदनशील देशले शक्तिराष्ट्रहरूको चलखेलका कारण सार्वभौमिकता र भौगोलिक अखण्डतामा पर्न सक्ने सम्भावित तत्कालीन र दीर्घकालीन असरबारे थप सचेत हुनुपर्ने अवस्था उत्पन्न भएको छ। शक्तिराष्ट्रहरूको स्वार्थ र भूराजनीतिक संवेदनशीलता अनुरूप कूटनीतिक सन्तुलन कायम गर्न नसक्दा वैदेशिक हस्तक्षेप भई शक्तिराष्ट्रहरूको खेलमैदान बन्ने मात्रै होइन, देश कसरी विखण्डित हुन सक्दो रहेछ भन्ने शिक्षा युक्रेनबाट नेपालले लिनु अपरिहार्य छ। युक्रेन प्रकरणबाट स्वतन्त्रता, सार्वभौमिकता र भौगोलिक अखण्डताको परिभाषा पनि शक्तिराष्ट्रहरूको स्वार्थ र शक्ति सन्तुलनमा निर्भर हुने रहेछ भन्ने वास्तविकताको पनि पर्दाफास भएको छ। युद्धउन्मादी रूसको सैन्य आक्रमणबारे संसारभरिबाट कडा भर्त्सना भइरहेका बेला संसारका दुई ठूला जनसंख्या भएका देश चीन र भारतको भूमिका विडम्बनापूर्ण देखिन्छ। सायद तिब्बत र सिक्किम प्रकरणका कारण, चीनले रूसको अतिक्रमणकारी तथा विस्तारवादी कदमको अर्थपूर्ण रूपमा मौन समर्थन गरेको छ भने,

बाँकी ६ पृष्ठमा

# खेलकुद

## राष्ट्रिय क्रिकेट टोली शुक्रबार स्वदेश फर्किए

काठमाडौं। ओमानमा सम्पन्न टी-२० विश्वकप ग्लोबल क्वालिफायर खेलेर नेपाली राष्ट्रिय क्रिकेट टोली शुक्रबार स्वदेश फर्किएको छ। समूह चरणमा सबै खेल जितेको सेमिफाइनलमा यूएईसँग पराजित भएपछि नेपाल विश्वकपमा छनोट हुन सकेन। तर टिममा देखिएको एकता नै यो टुरको उपलब्धी भएको कप्तान र प्रशिक्षकले बताएका छन्। त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीहरुसँग कुरा गर्दै कप्तान सन्दीप लामिछानेले भने, युवा टिमको यो राम्रो सुरुवात हो। टिमले जस्तो प्रदर्शन गरेको छ, यसले भविष्यका लागि राम्रो संकेत गरेको छ।' यद्यपि जित्नैपर्ने दिन खराब दिन बन्दा टी-२० विश्वकपमा छनोट हुन नसकेको उनले बताए। यसले ठूलो टोलीसँग खेल्ने अवसर गुमेको उनले बताए। बिहीबार घरेलु टोली ओमानलाई हराएर नेपालले सान्त्वना स्वरुप तेस्रो स्थानमा क्वालिफायर टुंग्याएको थियो। नेपाली टोलीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाल क्रिकेट संघ क्यानका क्रिकेटर म्यानेजर विनोद दासले स्वागत गरे।

## क्रिकेट संघको कार्यवाहक सचिवमा मल्लकै निरन्तरता

धनगढी। नेपाल क्रिकेट संघ (क्यान)ले कार्यवाहक सचिवमा प्रशान्त विक्रम मल्ललाई नै निरन्तरता दिएको छ। शुक्रबारदेखि धनगढीमा सुरु भएको क्यान साधारण सभाले मल्ललाई अर्को साधारण सभासम्मका लागि कार्यवाहक सचिवको जिम्मेवारी दिने निर्णय गरेको हो। तत्कालिन सचिव अशोकनाथ प्याकुरेलले पदबाट राजिनामा दिएपछि रिक्त रहेको उक्त पदमा कार्यसमिति सदस्य मल्लाई कार्यवाह सचिवको जिम्मेवारी दिइएको थियो। साधारणसभामा रिक्त रहेको उपाध्यक्ष र सचिव पदमा चुनाव गराउने तयारी थियो। तर मल्ललाई कार्यवाहक सचिवमा निरन्तरता दिएपछि चुनाव गरिएन।

## ओलम्पियनका लागि अभिमुखीकरण सम्पन्न

काठमाडौं। नेपाल ओलिम्पयन संघले ओलम्पियनको क्षमता अभिवृद्धिका लागि अभिमुखीकरण कार्यक्रम गरेको छ। शुक्रबार सम्पन्न दुईदिने कार्यक्रममा ४० जना ओलम्पियनको सहभागिता थियो। कार्यक्रममा पुष्कर‌राज पन्तले योग तथा ध्यान र राजेश पाण्डेले पब्लिक स्पिकिङसम्बन्धी सैद्धान्तिक र व्यवहारिक ज्ञान दिएका थिए। त्यस्तै, पहिलो दिन डा. प्रकाश प्रधानले खेल मनोविज्ञान र दोस्रो दिन इन्द्र गुरुङले प्रेरणादायी सैद्धान्तिक र व्यवहारिक ज्ञान दिएका थिए। सहभागीमध्येबाट ओलम्पियन भगवती केसी कार्यक्रम आयोजनाका लागि संघलाई धन्यवाद दिइन्। 'ओलम्पियनका रुपमा गर्व त लाग्छ। तर, विस्तारै हामीलाई बिर्सदै गएको हो कि भन्ने लाग्थ्यो। अहिले ओलम्पियन संघले क्षमता विकासका लागि गरेको यो कार्यक्रमले समाजमा स्थापित हुन सहज हुनेछ,' उनले भनिन्। कार्यक्रममा ओलम्पियन स्नेहा राणाले विश्व ओलम्पियन एसोसिएसन (डब्लूओए) को महत्व र नेपाल ओलम्पियन्स संघको त्यसमा आवद्धताका बारेमा प्रकाश पारेकी थिइन्।

## शहीद स्मारक ए डिभिजन लिग च्याम्पियन मच्छिन्द्र बन्यो

काठमाडौं। मच्छिन्द्र क्लब अपराजित रहँदै शहीद स्मारक ए डिभिजन लिग २०७८ च्याम्पियन बनेको छ। च्याम्पियन बनेर उसले ७५ लाख रुपैयाँ पुरस्कार पाएको छ। दुई खेलअघि नै उपाधि पक्का गरेको मच्छिन्द्रले शनिबार अन्तिम खेलमा एपीएफलाई २ /१ ले पराजित गरेको हो। एपीएफको भने ९ खेलको अपराजित यात्रा शनिबार नै टुंगियो। मच्छिन्द्र अपराजित रहेर लिग जित्ने पाँचौं टोलीसमेत बन्यो। यसअघि एनआरटी, थ्रीस्टार, मनाङ मर्स्याङ्दी र नेपाल पुलिस क्लबले अपराजित रहेर लिग जितेका थिए। शनिबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको खेलमा मच्छिन्द्रका लागि कार्यबाहक कप्तान अभिषेक गुरुङ र रेजिन सुब्बाले गोल गरे। यस्तै एपीएफका लागि प्रदीप लामाले बराबरी गोल फर्काए। नियमित कप्तान सुजल श्रेष्ठ दोहोरो पहेँलो कार्डका कारण एपीएफविरुद्धको खेलमा खेल्न नमिल्ने भएपछि रञ्जित धिमालले मच्छिन्द्रको कप्तानी गरेका थिए। तर चोटका कारण रञ्जित पनि खेल सुरु भएको केही मिनेटपछि नै मैदान बाहिरिएपछि अभिषेकले आर्मब्याण्ड लगाएका थिए। उनै अभिषेकले खेलको ४२औं मिनेटमा गोल गर्दै मच्छिन्द्रलाई अग्रता दिलाए। उनले आन्द्रेस नियाको पासमा गोल गरे। दोस्रो हाफको सुरुवात देखि आक्रामक प्रदर्शन गरेको एपीएफका लागि ६९औं मिनेटमा प्रदीप लामाले बराबरी गोल फर्काए। मछिन्द्रका कप्तान सुजल श्रेष्ठ, फरवार्ड नुर्लान नोभ्रजोभ र सुनील बल जस्ता खेलाडी मैदानमा नहुँदा एपीएफले लगातार दबाबमा राख्दै गोल फर्काएको हो। एपीएफसंग गोल बेहोरेपछि मच्छिन्द्रको लगातार १२ खेलमा गोल नखाने यात्रामा पूर्णविराम लागेको थियो। लिगको पहिलो खेलमै एनआरटीलाई २/१ ले हराउँदा ५४ औं मिनेटमा एरिक विष्टले फ्रिकिक बाट गोल गर्नुबाहेक मच्छिन्द्रलाई अन्तिम खेलमा एपीएफले मात्र गोल गर्न सक्यो। गोलकिपर विशाल श्रेष्ठले लगातार १ हजार ९५ मिनेटमा गोल खाएनन्। एपीएफ विरुद्ध गोलकिपर विशाल निकै व्यस्त बनेका थिए। एपीएफले लगातार दबाब बनाएपनि ८१औं मिनेटमा रेजिन सुब्बाले गोल गर्दै मच्छिन्द्रलाई २/१ को अग्रता दिलाए। ८३ औं मिनेटमा मछिन्द्रका विशाल राईले बक्स बाहिरबाट शक्तिशाली प्रहार एपीएफका गोलकिपर युया कुरियामाले मुश्किलले बचाए। एपीएफले निरन्तर आक्रमण गरेपनि फिनिसिङ चुस्त हुन सकेन। ८८औं मिनेटमा हात हालाहाल गरेपछि मच्छिन्द्रका सोनाम भुटिया र एपीएफका आवास लामिछानेले रातो कार्ड पाएपछि दुवै टोली १० खेलाडीमा सीमित भएको थियो। सातौं मिनेटमा एपीएफका विक्की तामाङको क्रसमा आशिष लामाले पेनाल्टी बक्स भित्रबाट गरेको प्रहार गोलकिपर विशाल श्रेष्ठले बचाए। २०७६ मा पहिलो पटक लिग च्याम्पियन बनेको मछिन्द्रले लगातार दोस्रो पटक उपाधि जितेको हो। यसपटक उपाधि जित्दा मछिन्द्रले अपराजित यात्रा समेत कायम राख्यो। जसमा लगातार ११ खेलमा कुनै गोल समेत खाएन। च्याम्पियन मछिन्द्रले लिग उपाधिसंगै नगद ७५ लाख रुपैयाँसमेत जितेको छ। शनिबारै भएको खेलमा मनाङ मर्स्याङ्दीसंग १/१ को बराबरी खेल्दै त्रिभुवन आर्मी एफसीले दोस्रो स्थानमा लिग अन्त्य गर्दै ५० लाख रुपैयाँ पक्का गर्‍यो। यस्तै एनआरटी नेपाल पुलिस क्लबलाई ३/१ ले हराएर तेस्रो भयो। एनआरटीले २५ लाख हात पार्‍यो। मच्छिन्द्रका विशाल श्रेष्ठ, विशाल राई र कप्तान सुजल श्रेष्ठ लगातार ४ पटक ए डिभिजन लिग जित्ने खेलाडी बनेका छन्। तीन जनाले मनाङ मर्स्याङ्दीबाट दुई र मछिन्द्रबाट दुई पटक लिग जितेका हुन्।

## राष्ट्रिय........

जालभञ्जेल, तिकडम र साम्राज्यवादीहरूको दलाली तथा पृष्ठपोषण गर्ने काम गरेको हुनाले पाँच दलीय गठबन्धन देशको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताकोविरुद्ध खडा भएको स्थितिमा पाँच दलीय गठबन्धनलाई कायम राखिरहनु पर्ने औचित्य समाप्त भएको छ ।' राष्ट्रिय जनमोर्चाले एमसीसीको विरोधमा यही फागुन १९ देखि २२ गतेसम्म देशव्यापी जिल्ला तथा स्थानीय स्तरमा विरोध सभा गर्ने जनाएको छ ।

## एमसीसी विरुद्ध......

कुनै पनि अवस्थामा नेपालको कानुन सर्वोच्च हुन्छ भनिएकोमा कुनै पनि सत्यता नभएको उल्लेख गरे । यी तीन वटा कुरा नेपाली र नेपालको लागि घातक हुने उनको भनाई थियो । उनले नेपाली जनताको सम्प्रभुता र स्वाधिनताको रक्षाको लागि शशक्त रुपले प्रतिकार गर्ने बताए । मोर्चाका राष्ट्रिय संयोजक शेखरजंग रायमाझीले संसदबाट एमसीसी पास गर्नुलाई गणतन्त्रको उपज भएको सुनाए । दिल्लीमा १२ बुंदे सहमति हुँदा उक्त सहमतिमा यो देशका नेताहरुले भविष्यको निर्णय गर्न नसक्ने अवस्थाको सिर्जना गरेर आएको उनले आरोप लगाए । उनले भने,'त्यसैले एमसीसी पनि अरुकै दबाबकै भरमा पास गर्न नेताहरु बाध्य भएका हुन् ।' उनले एमसीसीले मुलुक विभाजित भएको भन्दै नेताहरु विदेशीको प्रभावमा चल्ने प्रमाणित भएको सुनाए । मोर्चाका अर्का राष्ट्रिय संयोजक शोभराम थापाले एमसीसी कुनै कम्पनीको नाटक गरेर नेपालको सम्पदा र टुरिजमलाई कब्जा गर्न लागेको सुनाए ।

त्यस्तै, मोर्चाका वरिष्ठ उपाध्यक्ष श्रीराम कँडेलले एमसीसी कस्तो हो, आफु सन्धी हो की होइन भन्नेमा रणभुल्ल परिरहेको सुनाए । एमसीसी व्याख्यात्मक टिप्पणीसहित संसदबाट पास गरेकोमा उनले आपत्ति जनाए । नेपालको अखण्डतामा असर पुर्याउने कुनै पनि सन्धि सरकारले गर्न नहुने उनले तर्क राखे । सन्धीमा लेखिएका, राखिएका प्रावधान नेपालको कानुन भन्दा एमसीसीको कम्प्याक्ट माथि रहने विषयमा आफूहरुले ३ वर्षदेखि खण्डन गर्दै आएको सुनाए । सविधानभन्दा माथि हुने कुनै सम्झौतालाई स्वीकार गर्न नसक्ने उनले स्पष्ट पारे ।

त्यस्तै, मोर्चाका तराई प्रदेश प्रमुख चन्द्रेश्वर यादवले एमसीसीले गर्दा देशका पुरै ३ करोड जनता फसिसकेको बताए । उनले भने,'हामीलाई अर्को देशसँग बिक्रि गरिसकेको छ। अब हामी बन्धक भइसकेका छौं ।' उनले एमसीसी पास गर्ने जति सबै शासकहरुलाई देशद्रोहीको संज्ञा दिए । यो देश सबैको हो भन्दै नेताहरुलाई ३ करोड नेपाली बेच्ने अधिकार नभएको उनले जिकिर गरे ।

यसैगरी, मोर्चाका सचिवालय प्रमुख केशव ढुंगानाले अबको ३० दिनको समयमा सरकारले छल गरेर महाकाली सन्धीजस्तो सुक्ष्म रुपमा विष भर्ने बताए । संसदबाट एमसीसी अनुमोदन भएको हिजोको दिनलाई कालो दिनको रुपमा मनाउने उनले बताए । उनले भने,'देशभर रहेका सम्पूर्ण शक्तिहरु सिके राउतदेखि विप्लव सबै अब एमसीसीविरुद्ध लाग्नुपर्छ ।' उनले सबैलाई आफ्नो मोर्चामा गोलबद्ध हुन आह्वान पनि गरे। उनले पूर्वराजा ज्ञानेन्द्र शाहलाई जनताको साथ लिएर मोर्चामा आवद्ध भएर अघि बढ्नुपर्ने आवश्यकता रहेको औंल्याए ।

मोर्चाका उपाध्यक्ष युवराज आचार्यले देश अहिले अत्यन्त गम्भिर अवस्थामा गुज्रिएको सुनाए । उनले संसदबाट पारित भएको एमसीसी जसरी पनि फिर्ता गर्रै छाड्ने जिकिर गरे । अब देशमा धार्मिक युद्ध हुने उनको भनाई थियो । देश विदेशीको गुलामबाट घेरिएको भन्दै उनले वैदिक सनातन धर्मबाट छुटाएकाहरुलाई एकजुट गर्नको निम्ति ओमकार हिन्दु सनातन चाहिने बताए । एमसीसी कदापी नेपालीको हकहितमा नभएको स्पष्ट पारे । उनले नेपाल पत्थर हो भन्दै पत्थरसँग खेल्दा केवल थाप्लो मात्रै फुट्ने र कुनै उपलब्धी नहुने कुरा अमेरिकाले बुझ्न पर्ने बताए ।

## इन्जिनियर्स........

नेतृत्वमा भएका उल्लेखनीय उपलब्धिहरु घोषणापत्रमा समेटिएका छन् । समूहको बृहत्तर उद्देश्यमा गुणस्तरीय इन्जिनियरिङ शिक्षा, इन्जिनियरहरुको सेवा सुविधा तथा क्षमता अभिवृद्धि, सम्मानजनक रोजगारी, इन्जिनियरिङ सम्बद्ध निजी क्षेत्रको विकास तथा हक हित संरक्षणलाई अघि सारिएको छ । नयाँ नेतृत्वको दुई वर्षे कार्यक्रममा इन्जिनियरिङ तथा प्रविधि विश्वविद्यालय स्थापनालाई निर्णायक बिन्दुमा पुऱ्याउने, मधेश प्रदेश र लुम्बिनी प्रदेशमा आंगिक क्याम्पस स्थापनाका लागि पहल गर्ने, इन्जिनियरिङ शिक्षामा एकरुपता प्रदान गर्ने लगायत रहेका छन् ।

यस्तै, निजामति सेवामा जगेडामा रहेका इन्जिनियरहरुको उचित पदस्थापनका लागि पहल गर्ने, इन्जिनियर्स स्टाफ कलेज सञ्चालनमा ल्याउने, सीप र क्षमता अभिवृद्धिका लागि केन्द्रीय, प्रादेशिक र स्थानीय तहमा प्रभावकारिताका साथ काम गर्ने योजना अघि सारिएको छ । लोकतान्त्रिक इन्जिनियर समूहले निजी क्षेत्रमा कार्यरत इन्जिनियरहरुलाई न्यूनतम सरकारी स्केलसरह तलब प्राप्तिका लागि पहल गर्ने, प्राविधिक भत्ताको प्रयास गर्ने, नेपाली परामर्शदाता तथा विदेशीबीचको पारिश्रमिक विभेद अन्त्य गर्ने, भ्यालुअर्स एशोसिएसनसँग आवद्ध इन्जिनियरले मात्र मूल्यांकन कार्य गर्न पाउने कानुनी व्यवस्था गर्ने लगायतका प्रतिबद्धता व्यक्त गरिएका छन् ।

बेरोजगार इन्जिनियरहरुको समस्या सम्बोधन गर्न रोजगारी सूचना आदानप्रदान केन्द्र स्थापना गर्ने, सरकारी तथा निजी क्षेत्रमा रोजगारीका अवसर सिर्जना गर्न पहल गर्ने, निजी क्षेत्रमा कार्यरत इन्जिनियरहरुलाई आफैं उद्यमशील बनाउन अनुदान, ऋणको स्रोत व्यवस्थापन गर्ने एजेण्डा समूहले अघि सारेको छ । यस्तै, निजी क्षेत्रमा प्राध्यापनरत इन्जिनियरहरुलाई प्राध्यापकसम्म बन्न पाउने बाटो खुलाउने, इन्जिनियरिङ कलेज प्रयोगशालाका लागि सामग्री खरिदमा कर छुट र अनुदानको पहल गर्ने घोषणा गरिएको छ । लोकतान्त्रिक इन्जिनियर समूहबाट अध्यक्षमा दिलिपकुमार झा, उपाध्यक्षमा ऋषि कोइराला, महासचिवमा कृष्णसिंह बस्नेत, उपमहासचिवमा सुधिर गुरागाई, कोषाध्यक्षमा रमिता श्रेष्ठ र सहकोषाध्यक्षमा सञ्जयकुमार महतोले उम्मेदवारी दिएका छन् ।

यस्तै, समूहबाट सदस्य पदका लागि पराग कायस्थ, ढुण्डीराज दाहाल, बज्रमानसिंह थापा, लैला श्रेष्ठ, प्रजन हाडा, लक्ष्मण मण्डल, अन्जनी कुमार दवनु श्रेष्ठ, भरत मण्डल, सुभाष जोशी, नवीन तिवारी, रामशंकर जयसवाल र भोजराज यादवले उम्मेदवारी दर्ता गरेको लोकतान्त्रिक इन्जिनियर समूहले जनाएको छ । नेपाल इन्जिनियरिङ काउन्सिलमा समूहका तर्फबाट रत्नेश्वरलाल कर्ण समूह क, पुनम शाह समूह ख, भगतमान सिंह प्रधान समूह ग, टेकराज बोहरा समूह घ र रोमी मानन्धरले समूह ङ बाट उम्मेदवारी दिएका छन् ।

## एमसीसी सदन.....

नामधारी मध्य एउटा नेमकिपा बाहेक सबैको व्यवहार गड्यौले प्रवृति देखिन्थ्यो ।

माओवादीका धेरैजति संसदहरुले व्याख्यात्मक घोषणाको व्याख्या आकाशवाट तारा झारेको जसरी भाषण गरिरहेका थिए । उक्त भाषण सुन्दै गाउँ गाउँका जनता भने हासिरहेका थिए । उनिहरुको केही दिन आगाडीको अभिव्याक्ति र १५ गतेको सदनको प्रस्तुती देखेर । जनता हासेका हुन् । खोक्रा राष्ट्रवादीहरुले झण्डै एक वर्ष काम पाए । नेपालका राजनीतिक पार्टीका प्रमुखहरुको बसोवास काठमाडौं उपत्यकामा नै हुने गरेका छन् । तर ति पार्टी प्रमुखहरुको गृह जिल्ला भने उपत्यका बाहिर नै हो निर्वाचनमा भाग पनि उपत्यका बाहिर बाट नै लिने गरेका छन । उनिहरुले अहिलेसम्म देश र जनताको पक्षमा काम गरेको देखिदैन । नत उनिहरुको आफ्नै देखिने खालका उद्योग, कलकारखाना, व्यापार कतै छैनन् । तर पनि उनिहरुको काठमाडौं उपत्यकामा आलिसान महल ठड्याएका छन् । महगा सवारी साधन खरिद गरी चढेकै छन् । उनिहरुको खर्च मार्षिक लाखौ करोडौंको हुने गरेको छ । त्यतिको खर्च गर्न सक्ने स्रोत ति नेताहरुको के होला ?

यस्तै बेला वेलामा सिजनल आउने केही केही मुद्दाहरुलाई विरोध गर्न पार्टीको लेटरप्याडमा विज्ञप्ति प्रकाशन गरेर प्रचार गर्ने र खोक्रो राष्ट्रवादको नाम दिएर जुलुस, धर्ना, विरोध गर्ने र आफुलाई नेता देखाइराख्ने तर व्यवहारमा चै उल्टै कुटनीतिक नियोगहरुसँग बार्गेनिङ गर्नेहरुले नेपाली जनतालाई खोक्रो राष्ट्रवादको नारा दिएर धोका दिदै आएका छन् । एमसिसि परियोजनामा पनि यिनीहरुले त्यही नै गरेका छन् । जसले गर्दा वास्तविक नेपाली जनताको आन्दोलनलाई तुहाउने काम यिनै खोक्रा राष्ट्रवादीहरुको पनि हात रहेको छ ।

जनताको हातमा एमसिसि सम्झौता पार्टीहरुले किन पुऱ्याएनन् ?

एमसिसि परियोजना अग्रजी वर्ष २०१६ वाट अगाडी बढेको परियोजना हो । उक्त परियोजनाको नेपालीमा जस्ताको तस्तै उल्था गरी पढ्न सक्ने जति नेपालीको हातमा किन पठाइएन । र विरोध गर्नेले पनि पठाएनन् । समर्थन गर्नेले पनि पठाएनन् । जनतालाई रातरात मात्र थाहा दिने र भ्रमको खेती गर्न मात्र जान्ने राजनीतिक पार्टीहरुले विगतमा माहाकाली सम्झौता गरेको जस्तै गरी एमसिसि सम्झौता अनुमोदन गरेको धेरै जति जनताको भनाइ आएको छ ।

**नेपाली काँग्रेसको नेतृत्व सफल कि असफल**

प्रजातन्त्र स्थापना पश्चात नेपालमा सबैभन्दा बढी सरकारको नेतृत्व गर्ने पार्टी नेपाली काग्रेस नै हो । यहि नेपाली काँग्रेस पार्टीको नेतृत्व सरकारले नेपालका उद्योग, कलकारखाना नीजिकरण गरेर सकेको थियो । जसलाई नेपालमा २०४६ सालमा सबैभन्दा कान्तिकारी र परिवर्तनशील मानिन्थ्यो त्योभन्दा अगाडी २००७ सालमा दिल्ली सम्झौता ताका त श्री ३ पछि नेपाली काँग्रेस श्री काँग्रेस जस्तो भएको थियो त्यही नेपाली काँग्रेस पार्टीको नेतृत्वमा कोशी सम्झौता, गण्डक सम्झौता, महाकाली सम्झौता असमान र राष्ट्रहित विपरितका सम्झौताहरु गरेको थियो । पात्र फरक भएपनि पार्टी नेपाली काँग्रेस नै हो त्यसमा नेकपा(एमाले) राप्रपा थियो । परिवर्तनशील भनिएको पार्टीले भएका उद्योग, कलकारखान सक्यो नै तर एउटै उद्योगमा १०००० रोजगार दिनसक्ने कुनैपनि राष्ट्रिय उद्योग स्थापना गरेन । त्यति बेलाका नेपाली काँग्रेसको सरकारको साझेदार पार्टी, एमाले, राप्रपाहरु हुन् ।

**काँग्रेस नेतृत्वमा शेर बहादुरको उदयसँगै पश्चिमी प्रभाव**

कोइराला परिवारले नेपाली काँग्रेसको नेतृत्व गरिरहदा इन्डियाको प्रभावमा चल्ने गर्दथ्यो काँग्रेसमा शेर बहादुर देउवाको नेतृत्व आउने बित्तिकै पश्चिमा मुलुक र संयुक्त राज्य अमेरिकाको प्रभाव पर्नु स्वभाविक नै हो । किनकी विद्यार्थीकालमा शेर बहादुर देउवा अमेरिकामा अध्ययन गरेका विद्यार्थी हुन् । नेपाली काँग्रेसमा अरु सभापति भएको कार्यकाल भन्दा शेर बहादुर देउवा सभापति वा प्रधानमन्त्री हुदा संयुक्त राज्य अमेरिकावाट सहयोगको स्केल बढी भएको देखिन्छ ।

एमसिसि परियोजना पनि देउवा प्रधानमन्त्री भएकै समयमा अमेरिकाले पास गरेको थियो । नेपालको कार्यन्वयनको पक्षमा भने सदनबाट पास गर्नुपर्ने भएको हुनाले सरकार फेरबदल भइरहदा झण्डै पाँच बर्ष पछि मात्र स्वीकार गर्न सफल भएको छ । यो परियोजना विरोधि पक्षहरुले लगाएको आरोप जस्तो नभएर अमेरिकी जनताले नेपाली जनतालाई दिएको उपहार जस्तै भयो र नेपालको पुर्वधारमा विशेषगरी विधुतको उच्च प्रशारण लाइन र सडकको लागि मात्र ५ बर्षमा सक्ने योजना सफल भयो त्यो समयमा अमेरिकाले कुनै सैन्य गतिविधि नेपालमा गरेन भने शेर बहादुर देउवा साच्चै जङ्ग बहादुर पछिको बहादुर कहलिन सक्ने छन् । एमसिसि परियोजनाले नेपाली जनताको समृद्धि, आर्थिक उन्नति, भौतिक पुर्वधारमा विकास भनेको छ त्यस्तै संरचना बनेर नेपाली जनताले लाभ लिएभने तनावै तनाव र रिक्स उठाएर पास गरिएको एमसिसिको जस मात्र होइन ईतिहाँसमा विकासवादी लिक्वान यु हरुको स्तरमा देउवाले नाम कमाउने छन् । त्यो पुष्टि गर्न सक्छन् की सक्दैनन् हेर्न बाँकी छ । शंकास्पद बुदाहरु हटाएर ११ बुदामा व्याख्यात्मक घोषणा नेपालको सदनमा गरिएको छ । त्यो अमेरिकाले मान्छकी मान्दैन हेर्न बाकी नै छ । नेपाली जनताले विरोध गरेपनि सदनवाट नेपाली जनताले पठाएका प्रतिनिधिहरुले एमसिसि अनुमोदन गरिसकेका छन् । अबको आन्दोलनले अर्थ राख्दैन हाम्रो कहिल्यै अर्काको पराधिन नभएको मुलुक नेपाल अमेरिकी उपनिवेश हुन्छ की हुदैन त्यो अब भगवान भरोसामा पुगेको छ । आशा गरौ परिणाम सकारात्मक आओस ।

## एमसीसी........

नेपाललाई अमेरिकी अनुदानभन्दा नरम सर्तसहितको थप अनुदान अन्य संस्था वा राष्ट्रबाट आउने सम्भावना छ त ? यी अहम् प्रश्नहरूको जवाफ एमसीसीको विरोधमा उत्रिनेले गम्भीरतापूर्वक मनन गर्नुपर्छ । नेपालले यो सम्झौतालाई सहर्ष स्वीकार गरी शीघ्र कार्यान्वयनमा जानुपर्छ, अन्यथा अमेरिका लगायतका पश्चिमा देशलाई नेपालको विश्वसनीयतामाथि शंका गर्ने अवस्था आउनेछ । देशले प्राप्त गर्ने अनुदानलगायतका सहायतामा संकुचन आउने निश्चित छ । राजधानी दैनिक

## सन्दर्भ.....

भारतले औपचारिकताका लागि कूटनीतिक शैलीमा द्विअर्थी विज्ञप्ति प्रकाशित गर्नेबाहेक उल्लेखनीय केही गरेको छैन । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र पुटिनबीच बिहीबार भएको टेलिफोन संवादका क्रममा 'तत्काल हिंसा अन्त्य गर्न' तथा 'सबै पक्षलाई कूटनीतिक वार्ता एवं छलफलको बाटोमा' आउन अपिल गरेको विज्ञप्ति प्रधानमन्त्री कार्यालयले जारी गरेको छ । रूस विदेशमन्त्री सर्गेई लाभरोभ र चिनियाँ समकक्षी वाङ यीबीच भएको टेलिफोन संवादका क्रममा यीले युक्रेनमा रूसको स्वाभाविक सुरक्षाचासोलाई चीनले सम्मान गर्ने विचार व्यक्त गरेका थिए । भारत र चीन दुवैको यस्तो रहस्यमय, अर्थपूर्ण र मौन प्रवृत्ति भौगोलिक दृष्टिले सानो र भूपरिवेष्टित देश नेपालका लागि गम्भीर चिन्ता, चासो र संशयको विषय बनेको छ । नेपालले पनि युक्रेनबारे विज्ञप्ति जारी गर्दै कुनै पनि देशको सार्वभौमसत्ता र भौगोलिक अखण्डताको सम्मान गर्नुपर्ने माग गर्दै रूसको कदम संयुक्त राष्ट्रसंघीय बडापत्रविपरीत रहेको धारणा सार्वजनिक गरेको छ । तिब्बत, सिक्किम, कोसोभो र युक्रेनको इतिहास र नियतिबाट नेपाल र नेपाली जनताले शिक्षा लिनुपर्छ । - कान्तिपुर

## थापाथली.......

प्रस्तावमध्ये कोषले पाइलट प्रोजेक्टको रूपमा थापाथलीको खाद्य व्यवस्था तथा व्यापार कम्पनीको जमिनमा संभाव्यता अध्यन गर्न लागेको कोषका सूचना अधिकारी सूर्यबहादुर कार्कीले जानकारी दिए ।

# अन्तराष्ट्रिय समाचार

## यो युद्ध हामी जित्छौं- युक्रेन

युक्रेनका विदेशमन्त्री दिमित्रो कुलेबाले सीएनबीसीलाई दिएको अन्तर्वार्तामा आफ्नो देशले रुस अगाडी आत्मसमर्पण नगर्ने बताएका छन् । कुलेबाले भनेको विषयलाई उद्दृत गर्दै सीएनबीसीले लेखेको छ, 'युक्रेन कूटनीतिक समाधानका लागि तयार छ, तर हामी न त आत्मसमर्पण गर्छौं न झुक्नेछौं ।' वार्ता कहिलेसम्म चल्ने हो थाहा नभएको कुलेबाले बताए । उनले यो युद्धमा युक्रेनले जित्ने बताए ।कुलेबाले सीएनबीसीलाई दिएको अन्तर्वार्तामा भनेको विषयलाई उद्दृत गर्दै सीएनबीसीले लेखेको छ, 'म कूटनीतिज्ञ हुँ र वार्ताको सफलतामा म विश्वस्त छु । तर एक कूटनीतिज्ञको हैसियतमा मेरो उद्देश्य रुसमाथि अधिकतम प्रतिबन्ध लगाउनु पनि हो । युक्रेनले धेरै भन्दा धेरै हतियार ल्याउनु पर्छ र रुसलाई अन्तर्राष्ट्रिय स्तरमा एक्लो पार्नु पर्छ। यो मेरो कूटनीतिको महत्वपूर्ण भाग हो'रुसले युक्रेनमा जमिन र आकाश दुवैबाट आक्रमण सुरु गरेको छ । रिपोर्टसका अनुसार रुसले धेरै ठूला सहरलाई निशाना बनाएको छ ।

## युक्रेनमा १६ बालबालिकासहित ३५२ सर्वसाधारणको मृत्यु

युक्रेन विरुद्ध रुसको आक्रमण छैटौं दिन पनि जारी छ । युक्रेनका कूटनीतिज्ञले संयुक्त राष्ट्र संघको महासभामा रुसी आक्रमणमा हालसम्म १६ बालबालिकासहित ३५२ युक्रेनी नागरिक मारिएको बताए । गोलीबारी अझै जारी रहेकोले मृत्यु हुनेको संख्या बढ्न सक्ने बताइएको छ । युक्रेनका राष्ट्रपतिले पछिल्लो पाँच दिनमा रुसले युक्रेनमा ५६ रकेट र ११३ क्रुज मिसाइल प्रहार गरेको बताए । रुसको हिंसात्मक कारवाहीका बीच दुवै देशले तनाव कम गर्न कूटनीतिक प्रयास पनि गरिरहेका छन् । हिजो राति बेलारुस-युक्रेन सीमामा दुई देशबीच ६ घण्टा वार्ता भएपनि निष्कर्षविहीन भएको थियो । युक्रेनको राजधानी कीभमा रुसी आक्रमणपछि उज्यालो देखिएको छ । रुसले युक्रेनका दुई सहर (बर्दियान्स्क र एनरहोदर) कब्जा गरेको छ । रुसी सेना राजधानी कीभ नजिक पुगेको छ । स्याटेलाइट-इमेजिङ कम्पनी म्याक्सर टेक्नोलोजीद्वारा जारी गरिएको एउटा स्याटेलाइटले रुसी सेना राजधानी कीभबाट २७ किलोमिटर टाढा एन्टोनोभ एयरपोर्ट नजिक पुगेको देखाएको छ । अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले युक्रेनी सीमामा तैनाथ रुसी सेनाको ७५ प्रतिशत युक्रेन प्रवेश गरेको जनाएको छ । तर, पश्चिमी देशहरूले रुसी सेनाहरू लजिस्टिक समस्याका कारण तीव्र गतिमा अघि बढ्न नसक्ने बताएका छन् । अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले युक्रेनी सीमामा तैनाथ रुसी सेनाको ७५ प्रतिशत युक्रेन प्रवेश गरेको जनाएको छ । तर, पश्चिमी देशहरूले रुसी सेनाहरू लजिस्टिक समस्याका कारण तीव्र गतिमा अघि बढ्न नसक्ने बताएका छन् । खार्किवमा रूसी वायुसेनाको आक्रमण पछि विनाशको दृश्य। संयुक्त राष्ट्रसंघका अनुसार युद्ध सुरु भएयता ५.२० लाख मानिस युक्रेन छोडेर अन्य देशमा शरण लिएका छन् । योसँगै १ लाख ६० हजार आन्तरिक विस्थापित भएका छन् । राजधानी कीभ नजिकै रहेको बुका सहरमा पनि रुसको आक्रमण जारी छ । बुकामा भएको हवाई हमलाका कारण अवस्था यति विग्रिएको छ कि जताततै शवहरु परेका छन् र हटाउने कोही छैन । न्यूयोर्क टाइम्सले रक्षा विज्ञहरूलाई उद्धृत गर्दै भनेको छ- रुसले युक्रेनी सेनालाई प्रमुख शहरहरूमा प्रवेश गर्नबाट रोक्छ भन्ने आशा गरेको थिएन । युक्रेनी अधिकारीहरूले सोमबार रूसी सेनाले युक्रेनको दोस्रो ठूलो सहर खार्किभको आवासीय क्षेत्रमा रकेट प्रहार गरेको आरोप लगाएका छन् । यस हमलामा नौ जनाको मृत्यु भएको छ भने दर्जनौं घाइते भएका छन् । रुसी आक्रमणका कारण युक्रेनको स्थानीय पूर्वाधार नराम्ररी प्रभावित भएको छ । नेदरल्याण्डमा आधारित बैंकले रूस विरुद्धको युद्ध अपराधको पनि अनुसन्धान गर्नेछ । यसैबीच युक्रेन-बेलारुस सीमामा रुसी र युक्रेनी अधिकारीहरूबीच पहिलो चरणको वार्ता सकिएको छ । वार्ताले कुनै ठोस नतिजा निकाल्न सकेको छैन् । दुवै पक्ष पुनः वार्ता जारी राख्न सहमत भएका छन् ।

## कोलम्बियामा भएको खानी दुर्घटनामा परी १३ को मृत्यु

कोलम्बियामा भएको खानी दुर्घटनामा परी ज्यान जानेको संख्या १३ पुगेको छ । त्यहाँको उत्तरी क्षेत्रमा पर्ने ला चापा भन्ने स्थानमा रहेको एक कोइला खानीमा शनिबार विस्फोट भएको थियो । सो विस्फोटमा परेर ज्यान जाने व्यक्तिको संख्या १३ पुगेको त्यहाँका अधिकारीहरुले जानकारी दिएका छन् । ती अधिकारीका अनुसार सो क्षेत्रमा रहेको खानीमा यसअघि पनि विस्फोट भएर कैयौं नागरिकको ज्यान गएको थियो । खानी भित्र रहेको ग्याँस विस्फोटमा परेर त्यहाँ कार्यरत मजदुरको ज्यान गएको बताइएको छ ।

## दक्षिण कोरियामा एकैदिन १ लाख ३९ हजार कोरोना संक्रमित

दक्षिण कोरियामा एकै दिनमा १ लाख ३९ हजार जना कोरोना भाइरसका संक्रमित भेटिएका छन् । तर, पनि अघिल्लो दिनको तुलनामा भने यी संक्रमितको संख्या घटेको हो । त्यहाँ गत शनिबार १ लाख ६३ हजार जना संक्रमित पाइएका थिए । त्यहाँ अहिलेसम्म ३१ लाखभन्दा बढी संक्रमित पाइएका छन् । सुरुका पहिलो र दोस्रो लहरमा संक्रमितहरु नबढेको त्यहाँ पछिल्लो अर्थात् तेस्रो लहरमा भने प्रतिदिन बढ्दै गएको पाइएको छ । त्यहाँ ओमिक्रोन भाइरसको संक्रमण निकै तिव्र गतिमा बढेको पाइएको हो । तर, पछिल्ला केही दिनमा भने सो संक्रमण दर घट्दै गएको बताइएको छ ।

## दिल्लीमा लगाइएका सबै प्रतिबन्ध हट्ने

एजेन्सी । कोरोनाका कारण दिल्लीमा लगाइएका सबै प्रतिबन्ध हट्ने भएका छन् । कोरोनाको संक्रमण दर एक प्रतिशतभित्र झरेपछि विभिन्न विषयमा लगाइएको प्रतिबन्ध दुई महिनापछि हटाउन लागिएको हो । आगामी सोमबारबाट दिल्ली पूर्ण रूपमा प्रतिबन्ध रहित हुनेछ । मास्क लगाउन अनिवार्य बाहेक कोरोनाकालीन सबै प्रतिबन्धबाट दिल्लीका नागरिकले उन्मुक्ति पाउने छन् । मास्क नलगाउने मानिसलाई गर्दै आइएको २ हजार जरिवानालाई घटाएर ५ सयमा झारिएको छ । रात्रिकालीन कर्फ्यू, पसल व्यवसाय खोल्ने समयसीमा, आधा क्षमतामा मात्रै होटल रेस्टुरा, सिनेमा हल चलाउनुपर्ने सबै खाले प्रतिबन्ध हटाइएको छ । अब सार्वजनिक यातायात मेट्रो र बस पनि पूर्ण क्षमतामा चल्न पाउनेछन् । यात्रुलाई हरेक सिटमा बस्ने मात्रै होइन, उभिएर यात्रा गर्ने सुविधा पनि प्राप्त हुनेछ । रात्रिकालीन फर्फ्यू कारण राति ८ बजे बजारहरू बन्द हुँदै आएकोमा त्यो प्रावधान पनि हट्नेछ । त्यस्तै, सबै धार्मिकस्थल पूर्वतः सञ्चालनमा आउने भारतीय सञ्चार माध्यमले जनाएका छन् ।

# पुस्तक समिक्षाः वियोगको पीडा ओकल्ने 'रुइबा'

**काजीराम गौतम**

झट्ट हेर्दा अनौठो नाम लाग्ने 'रुइबा' उपन्यासको नाम कुनै विदेशी भाषाको शब्द टप्प टिपेर राखिएको होइन रहेछ। दिमागमा उक्त शब्दको अर्थ यसो पो हो कि भनेर अनुमान गर्नुभन्दा एक पाठकलाई उक्त पुस्तक किनेरै पढ्न मनलाग्नु कुनै अनौठो भएन।

पुस्तक हातमा परेपछि आवरण पृष्ठको श्याम पृष्ठभूमिमा एउटी नारीको चित्र र रुइबा उपन्यासका सर्जक चेतनाथ आचार्यको नाम देख्न पाइन्छ। आचार्य सञ्चार क्षेत्रमा एक लामो दूरी तय गरेका व्यक्ति हुन्। हाल पैंचिगस्थित चिनियाँ अन्तर्राष्ट्रिय रेडियो, नेपाली सेवामा कार्यरत आचार्यकृत रुइबा उनको सम्भवतः पहिलो उपन्यास हो। सञ्चार क्षेत्रको लेखनमा एक सिद्धहस्त व्यक्ति साहित्य लेखनमा फड्को हान्दा त्यहाँ पक्कै गज्जबको कन्टेन्ट हुनुपर्छ भन्ने सहज अनुमान गर्न सकिन्छ। उपन्यासको नाम स्वयं र सर्जकको प्रयासले जोसुकैलाई यो पुस्तक पढ्न प्रेरित गर्छ। २६२ पृष्ठमा समेटिएको रुइबा फिनिक्स बुक्सले प्रकाशन गरेको हो भने यसको आवरण राजन काफ्लेले तयार पारेका हुन्।

रुइबा उपन्यासभित्रको कुनै पात्रको नाम होइन। बरू उपन्यासभित्रकी मुख्य पात्रको रुपमा रहेकी र प्रारब्धले ठगिएकी, उनै न्याउली जसको मृत्युपछि पनि माइतीकै अधिकार रहेको उनको अस्थि माइतीलाई जिम्मा लगाउने वा माइतीको उपस्थितिमा सेलाउने चलन हो।

स्थानीय तामाङ भाषामा ल्हापसाङकर्पो भनिने गणेश हिमाल र त्यसैको दक्षिणतर्फ रहेको रुबी उपत्यकाबीच पर्ने धादिङको पाबाङ गाउँ रूइबाकी न्याउलीको जन्मथलो हो। तामाङ जातिका मानिसहरूमा व्याप्त संस्कारअनुसार छोरीको विवाह गरेर ज्वाइँलाई दिएपनि छोरीको थर र उसको हड्डीमा भने माइतीकै अधिकार रहन्छ। तर प्रारब्धले आजीवन कारावासको सजाय भोग्न बाध्य न्याउली आफ्नो हाडमाथिको माइतीको अधिकार प्राप्त गर्लान् कि नगर्लान् भनेर विरह गाउँछिन्।

'आफू विदेशको जेलमा आजीवन कारावासको सजाय पाएर बसेकी हुनाले आफ्नो रुइबामाथि कसले दाबी गर्ला, मेरो माइतीले कि मेरो देशले ?' भन्ने वाक्यांशको शब्द रुइबा नै यो उपन्यासको नाम हुन पुगेको छ र न्याउली कसरी जेल बस्न बाध्य भइन् भन्ने नै उपन्यासको प्लट वा कथावस्तु हो।

उपन्यासमार्फत तामाङ जातिको धर्म संस्कृति र परम्पराको सजीव चित्रण गर्दै त्यस भाषाको टेवामा साहित्यिक योगदान समेत गरेको छ रुइबाले। त्यस्तै देशको राजनीतिक, सामाजिक र आर्थिक अवस्था र असमानताका कारण दशौं वा सयौं न्याउली 'स्याओन्याओ' बन्नुपर्ने अवस्थालाई यसले उजागर गरेको छ।

न्याउलीको जीवन अज्ञानता तथा आर्थिक विपन्नताका कारण विभिन्न अवरोहबाट गुज्रिएकाले उपन्यासले आमनेपाली चेलीहरूको अवस्थालाई पनि प्रतिबिम्बित गरेको छ।

आत्मपरक शैलीमा लेखिएको रुइबामा यसकी मुख्य पात्र न्याउली उपन्यासको विषयवस्तुलाई क्रमशः 'फ्ल्यासब्याक'का रूपमा प्रस्तुत गर्छिन्। उपन्यासभित्रको सेटिङमा पहिलो स्थान पाबाङ हो। त्यहाँ उनी जन्मदेखि हुर्किबढी गरेको, आफ्ना बाबुआमाबाट जातिगत र सामाजिक रहनसहन तथा नैतिकता र आदर्श अनि धार्मिक आस्थाजस्ता कुरा सिकेर एउटी नेपाली चेलीले जिउने गरेको जीवनको केही अंश त्यही व्यतीत गरेकी छन्।

यस क्रममा सर्जकले स्थानीय लवजको बोली र स्थानीय संस्कारलाई दुरुस्त उतारेर न्याउलीको जीवनमा कलात्मक तवरबाट उनिदिएका छन्। त्यसैको परिणाम हो, न्याउली आफूलाई दुःख दिनेका विरुद्ध पनि नराम्रो सोच्दिनन्। दुःख पर्दा छ्योर्तेनमा पाती चढाउने र आस्थाको ल्हापसाङकर्पोलाई भाक्ने सामाजिक परिवेशका कुराहरू जीवन भोगाइका क्रममा आएपनि जीवनको कल्पना र यथार्थका लागि ती चीजहरू न्याउलीका जीवनमा दिगम्बर जस्तै निर्लज्ज उभिएका छन्।

ती धरोहरमाथि यति धेरै आस्था बोकेकी न्याउलीले जीवन जीउने क्रममा सफलताका आरोह नभई असफलताका अवरोह नै अवरोह पार गर्नुपर्दा ती धरोहरहरूप्रति के ठान्छे होला भन्ने कहिल्यै बुझेनन्।

सानो परिवारलाई सुखका साथ पाल्ने कल्पना सजाउन यार्सागुम्बा टिप्न गएका आपा (बाबु) भीरबाट खसेर मरणासन्न अवस्थामा घर ल्याइनु, लट्टे झाँक्री र लामाले जडिबुटी र झारफुक गरेर पनि उनको प्राण रक्षा गर्न नसक्नु र आपालाई दुर्सागाङमा लगेर आगो लगाउनु परेको घटनाले जीवनको दुष्चक्रको सुरुवातको प्रतीकात्मकता झल्काउँछ।

आपाको मृत्युपछि आफ्नै आस्याङ (मामा)को छोरा दोर्जेसँग विवाह हुन्छ न्याउलीको। निरक्षर न्याउलीलाई आफू दुई जिउकी भएको समेत थाहा हुन्न। अज्ञानमै उनी आमा हुन्छिन्, विना योजना। दोर्जे आफ्ना पौरखका पाखुराले परिवार पाल्न तम्सिन्छ, तर उसको प्रयास सिसिफसको नियति जस्तो बन्छ। अर्थात्, बिहान बेलुकाको छाक टार्नमै सीमित।

दोर्जेको पौरखले सिर्जेको अभावको भोजन मीठो मान्नुपर्ने बाहेक न्याउलीलाई आफूले पेटभरि खाएर वक्षस्थलबाट बग्ने मातृ वात्सल्यरूपी दूधको घुट्कोले दोर्जेको भोक शान्त पार्ने शक्ति थिएन उनमा। त्यसैले 'मो धेरै किरा खोजेर पैसा कमाउँछु र तिमेरलाई सुख्खा दिन्छु' भन्ने आपालाई दुर्सागाङमा लगेर पोल्न लगाउने न्याउलीको नियतिलाई ल्हापसाङकर्पोले अर्को दुस्साहसपूर्ण कार्य गर्न उक्साउँछ। मतलब, ऋणको चपेटामा परेको दोर्जेलाई सेते दलालले गाउँबाट सदाका लागि अन्यत्र हुत्याइदिने कुचेष्टा गर्छ।

दोर्जे आफ्नो सम्पत्ति बन्धकी राखेर धन कमाउँला भनी मलेसिया उड्छ तर फिर्नै नसक्ने गरी। हो, जब आफ्नैले उँभो लाग्न दिंदैनन् भने अरूले त झन् के दिन्थे ? मलेसियाले दोर्जेलाई त्यसै गऱ्यो।

धेरै नेपालीहरू भाग्यमा कोरिएर आएको दुःख मेटाउन विदेश जाँदा उनीहरुको जीवनको इहलीला उतै मेटिन्छ, दोर्जेको दुर्दशा त्यस्तै भयो। विजयको रक्तिम रङ्गको रगत उसले मलेसियामा पराजयमा छादयो। अस्थि ल्याउन धेरै खर्च लाग्ने भएकोले उतै विसर्जन गरियो उसलाई र सीमाधुर ( लासको प्रतिमूर्ति) बनाएर घेवा गरियो यता। उसका सारा सपनाहरूले लासले मातृभूमिको माटो नपाएझैं टेक्ने ठाउँ पाएनन्।

'दोर्जेको आमा, गरिपलाई सर्खारले पैसा क्यान दिन्थ्यो ?' छोराको लास नआएपनि दुःखका आँसु केही पैसासँग साटिन्छ कि भन्ने आङीलाई लागेको थियो। तर वास्तविक गरिबको आँसुको मूल्य हुँदैन भन्ने उपन्यासले उजागर गरेको छ। दोर्जे मरीकन जन्मेकी सोममाया समेतलाई आमा हुनुको कर्तव्य पूरा गर्न न्याउली आफ्नो जन्मथलो पाबाङकोको काख र आमाको साथमा मंगलेलाई छोडेर कामको खोजीमा गाउँकै ज्योज्योसँग काठमाण्डू लाग्छिन्।

चस्मालाई फुकेर ज्याकेटले पुछ्दै काठमाडौंमा पैसा त फालाफाल् भन्ने ज्योज्यो न्याउलीको भाग्य चस्मा पुछेझैं पुछ्ने दाउमा हुन्छ। उसले कंक्रिटको सहरभित्र न्याउलीलाई धकेलेर उनको ६ महिनाको पारिश्रमिक लिएर हिंड्छ। आत्मा कंक्रिटजस्तो नपग्लिनेगरी ढलान भएकी असत् विमला साहुनी, पाप कृत्यको संकेत स्वरूप गालामा कोठी भएको व्यक्ति, दया र करूणाका प्रतिमूर्ति जस्ता लाग्ने देवी र दया जस्ता अधमहरू काठमाडौंको नारकीय खाल्टो भर्ने काममा अरूलाई पनि धकेल्छन्, यो कुरा उपन्यासले न्याउलीमार्फत पाठकलाई सम्झाएको छ।

जति नै दुःख परेपनि रत्तिभर नडगमगाउने न्याउलीका लागि विकास भाइ र गोङ्बुका साहुसाहुनी आस्थाको छ्योर्तेनमा ढुङ्गा थप्न उभिएकै हुन्छन्। यसबाट लेखकले सधैं अधम र कुत्सित मनसायकाहरूकै राज चल्दैन र नैतिकता अनि दयाभाव सकिएको छैन भन्ने चित्रण गरेका छन्।

छोरी साहुनीको कुटाइबाट बिरामी पर्दा मन लगाएर हेर्न नपाउनु र साहुनीका निकृष्ट वचन वाणबाट भेदित हुनुले महिलाबाट महिला पीडित हुने हाम्रो सामाजिक नियति र छोरी बाल मन्दिरमा जिम्मा लगाई आफू मरेको कागजमा सहीछाप गरेर हिंडेपछि विभिन्न अवस्थामा आफू पुरुषबाट हुने महिला हिंसाको समेत सिकार हुनुपरेको र तिनै पीडक छद्मभेषीहरु महिला हित र उत्थानका लागि आवाज उठाएर हिंडेको न्याउलीले आफ्नै आँखाले देख्नु समग्र राजनीतिक र सामाजिक प्रवृत्ति उपरको व्यङ्ग्यात्मक यथार्थ चित्रण हो रुइबा।

न्याउली काठमाडौंमा अभावमा रुमल्लिएका बेला आमालाई छोडेको मंगले र बालमन्दिरमा छोडिएकी सोममायालाई फेरि अँगाल्न पो जालिन् कि भन्ने द्विविधा पाठकमा अवश्य रहन्छ। तर उनी अज्ञानवस गलत विकल्प छान्न पुग्छिन् ट्र्याजिक नोबेलको मुख्य पात्र जस्तो। यहाँ लाग्छ, उनी हेमिङ्वेको 'दी ओल्ड म्यान एन्ड द सी'भित्रको 'म्यान क्यान बि डिस्ट्रोएड बट नट डिफिटेट' भन्ने मूल भनाइको समीपमा उभिएकी छन्। किनकि, उनले जीवनमा पटकपटक पराजय भोगिसकेकी छन्, अब उनमा पराजित हुन केही बाँकी छैन बरू मात्र बाँकी छ भने त्यो आफ्नै विनाशको बाटो।

काम गर्ने ठाउँमा उनलाई भेट्न आउने विनोद दाइले देखाएको दूरको उज्यालोसम्म बत्तीमा किरा झुम्मिन गएजस्तो झुम्मिन पुग्छिन्। शरीरभरि लागू पदार्थ बोकेर त्यही शरीरमा पलाएका आशाका नयाँ मुजुरा हुर्काउन पैसा कमाउने दाउमा लागूपदार्थ ओसार्ने तस्करको चङ्गुलमा पर्छिन्।

मदन दाइका साथमा उनी आफ्नो संवेदनशील अङ्गमा समेत लागूपदार्थ बोकेर चीनको छड्तु उड्छिन्। तर न्याउलीका पँखेटा चीनका कानुनले उड्नै नसक्ने गरी छप्काइदिन्छ। उनलाई चीनको अदालतले लागूपदार्थको ओसारपसार गरेको आरोपमा आजीवन कारावासको सजाय सुनाउँछ। उनीसँगै गएका मदन चाहिं मृत्युदण्ड पाउँछन्।

न्याउली निरक्षर भएकाले तत्काल मृत्युको मुखबाट त उम्किन्छिन्, तर मृत्युको बाटो हेरेर बस्नुपर्ने हुन्छ। यो परिणतिबाट रुइबाका सर्जकले स्थितिको रूपान्तरणलाई गज्जबले प्रस्तुत गरेका छन्। अज्ञान र निरक्षरता निभेको बत्ती जस्तै हो, तर यहाँ न्याउलीको अज्ञानताले उनको जीवनको बत्तीमा तेल सकिएपनि सलेदो जलेर मधुरो प्रकाश दिइरहेको आभास हुन्छ। तसर्थ, यहाँ स्रष्टा साक्षरता विरुद्ध अँध्यारो वा निरक्षरता विरुद्ध मन्द उज्यालोको 'लिटेररी जक्स्टापोजिसन'बीच पाठकलाई एकैछिन उभ्याएर सोच्न बाध्य बनाउँछन्।

जेलमा परेपछि प्रारब्धले न्याउलीलाई 'स्याओन्याओ' (उनको चिनियाँ नाम) बनाउँछ र उनीमाथि मजाक गर्छ। जति छिटो मृत्यु भयो, उति छिटो जेलबाट मुक्ति मिल्ने स्याओन्याओलाई जेलमा जन्मदिनको अवसरमा दीर्घायुको कामना गरिन्छ।

मजाकको पनि एउटा हद हुन्छ नि ? तर स्याओन्याओ आफ्नो विरुद्ध नराम्रो भन्नेलाई पनि नमीठो भन्दिनन्, जुन उनकी आमाले उनलाई सिकाएको संस्कार हो।

विश्वकै लामो र जब्बर पर्खाल भएको देशको कानुन उस्तै जब्बर हुन्छ र उनलाई चौघेरामा हालेर कपटी हाँसो हाँसेको जेलको पर्खाल पनि उस्तै जब्बर।

स्याओन्याओले चीनको जेलमा चीन, चिनियाँ र त्यहाँको संस्कृति समेत सिक्छिन्, तर त्यसको जीवनमा के उपयोग ? यो त खाली हेमिङ्वेको उपन्यास 'ओल्ड म्यान एन्ड द सी'मा त्यसको मुख्य पात्र बुढो मान्छेले मासुका लागि माछा मार्न गएपनि कैयौं दिनको प्रयासबाट विशालकाय माछा समाते पनि त्यसको कंकाल मात्र समुद्र किनारमा आइपुगेको दुःखद् घटना जस्तै हो। बुढाले उपयोगहीन कंकाल ल्याएर आत्मरतिमा रमाएभन्दा केही बढी छैन स्याओन्याओको जीवनमा ती कुराको महत्व।

उपन्यासमा छोरी जन्माएर हुर्काउनै नसक्ने अभागी आमा न्याउली मात्र होइनन्। आइफोन किन्न आफ्नो नवजात शिशु अनलाइनबाट बेच्ने अपराधमा जेल परेकी चिनियाँ युवतीले न्याउलीलाई झस्काएकी छन् भने बालमन्दिरमा छोडिएकी आफ्नी परित्यक्त छोरी कुनै विदेशी महिलाले लगेर हुर्काएको घटनाले आमाको वात्सल्य प्रेम कुनै न कुनै रूपमा धर्तीमा अवतरित हुन्छ र आमा देवी जस्तै बहुरूपी हुन्छिन् भन्ने देखाउन रुइबाका सर्जक सफल छन्।


उपन्यासमार्फत तामाङ जातिको धर्म संस्कृति र परम्पराको सजीव चित्रण गर्दै त्यस भाषाको टेवामा साहित्यिक योगदान समेत गरेको छ रुइबाले। त्यस्तै देशको राजनीतिक, सामाजिक र आर्थिक अवस्था र असमानताका कारण दशौं वा सयौं न्याउली 'स्याओन्याओ' बन्नुपर्ने अवस्थालाई यसले उजागर गरेको छ।

स्थानीय तामाङ लबजले पात्रमा जीवन्तता थपेको छ। जातिगत पछौटेपन र अज्ञान जीवनलाई उपहार गर्ने अन्तर्निहित तत्व बनेका छन्। कथाको क्लाइमेक्समा लगेर पाठकको ध्यानलाई तितरबितर पार्दै फलागमतर्फ लगेर पाठकलाई अप्सन छान्ने मौका नै नदिई अथवा छानेपनि भएमध्येको घातक अप्सन छान्न बाध्य बनाउने सर्जकको शैली बडो जब्बर छ।

सम्पूर्ण उपन्यासभरि आमालाई न्याउली अनि मंगले र सोममायालाई आफ्नी आमाका बारेमा जानकारी दिने सेतुजाल कतैपनि लेखकले नबुन्नुले उनी ती अबोध बालकहरूप्रति न्याउली जस्तै निठुरी छन् कि भन्ने आशंका पैदा हुन्छ।

त्यस्तै देश समेत आफ्ना नागरिकको अवस्था बुझ्न कुनै परदेशी अन्खासी महिलाको सूचनामा भर पर्नुपर्ने र वर्षौंपछि मात्र सजग हुनुले दोर्जेले मर्ने बेलामा देशको माटो पाएन भनेर चिन्तित हुनुपर्ने भाव मनमा कतिञ्जेल गुञ्जाएर राख्न सकिन्छ ? रुइबाका सर्जकले जवाफ दिनु पर्छ'..।

(गौतम मोरङको कानेपोखरीस्थित जनकल्याण माविका विज्ञान शिक्षक हुन्।)




# एमसीसीमा असन्तुष्ट नेताहरूले पार्टी छाड्न सक्छनः शक्ति बस्नेत

काठमाडौं। नेकपा (माओवादी केन्द्र) का नेता शक्तिबहादुर बस्नेतले एमसीसीका कारण असन्तुष्ट नेताहरु पार्टी छाड्न स्वतन्त्र रहेको बताएका छन्। नेता बस्नेतले भने, "एमसीसी संसद्बाट अनुमोदन नभएको भए शान्तिप्रक्रिया, लोकतन्त्र, संधिानको र क्षाका साथै जनताको समृद्धिको जनआंकाक्षामा नराकात्मक प्रभाव पर्न सक्थ्यो।

मुलुकलाई त्यो दुर्घटनाबाट बचाउन हामी व्याख्यात्मक घोषणासहित एमसीसी अनुमोदन गर्न तयार भयौं। एमसीसी प्रकरणमा नारायणकाजी श्रेष्ठलगायतका केही साथीहरुको फर क मत छ। यसै आधारमा पार्टीबाट अलग हुन्छु भन्नुको अर्थ छैन। कसैले गरिहालेमा त्यो स्वतन्त्रता छ।"

पार्टीले भन्दै आएको कुरा लागू भएकाले कसैले मिडियाबाजी गर्नु आवश्यक नभएको पनि नेता बस्नेतको टिप्पणी छ। उनले थपे, "तर एमसीसीका सवालमा पार्टीले भन्दै आएको कुरा लागू भएको छ। एमसीसी यथास्थितिमै पारित भएको होइन। पार्टीले भनेजस्तै यो आर्थिक प्याकेज हो भनेर व्याख्यात्मक घोषणा भएको स्थितिमा किन मिडियाबाजी गर्ने ? किन सडकमा आउने ?"

माओवादीमा जस्ताको तस्तै एमसीसी अनुमोदन गर्न नहुने मत भए पनि खारेज गर्ने कुरा कसैले नगरेको पनि उनले बताए। बस्नेतले भने, "मैले भनिसकें, नारायणकाजी श्रेष्ठलगायतका केही साथीहरुको यसमा फरक बुझाइ रह्यो। तर देव गुरुङलगायतका साथीहरुको यसमा सहयोग नै छ। पार्टीले निर्णय गरिसकेको कुरा सबैले मान्नुपर्ने हुन्छ।"

व्याख्यात्म घोषणा गर्ने कुरा नेकपाकालमै पार्टी अध्यक्ष पुष्पकमल दाहालले ल्याइसकेको पनि उनले बताए। बस्नेतले भने, "एमसीसीबारे अनेक आशंका र शंशय भइरहेको बेला नेकपाकालमै यसबारे छलफल भएको थियो। प्रचण्डले संसद्बाट विशेष प्रस्तावसहित अनुमोदन गरियो भने आशंका निवारण हुन्छ र सहज निकास हुन्छ भन्नुभएको हो। त्यसमा तत्कालीन प्रतिपक्षी दलका नेता शेरबहादुर देउवा पनि सहमत हुनुभयो तर केपी ओली मान्नुभएन। हुबहु पारित गर्नुपर्छ भन्नुभयो। अहिले त्यसले नै मूर्त रुप लिएको मात्र हो।"

एमसीसी अनुमोदन राष्ट्रिय आत्मसमर्पण हुन्छ भन्नु अतिवाद भएको उनले आरोप लगाए। उनले भने, "१२ बुँदे व्याख्यात्मक घोषणा माओवादी केन्द्रले भन्दै आएको कुरा हो। यसले हामी आर्थिक सहायता स्वीकार गर्छौं, राजनीतिक र सैन्य कुरा स्वीकार गर्दैनौं भन्ने स्पष्ट भएको छ।

अन्तर्राष्ट्रिय कानुन अनुसार एक पक्षले नमाने यो स्वतः रद्द हुन्छ। यो महाकाली सन्धिजस्तो संकल्प प्रस्ताव होइन। यसलाई सम्झौताको हिस्सा बनाएर अनुमोदन गरिएको छ। संसद्को म्यान्डेटबाट सरकारले एक इन्च दायाँबायाँ गर्ने ठाउँ छैन।

# सोलारयुक्त छत भएको हुन्डाई आयोनिक-५ नेपाली बजारमा

काठमाडौं । नेपालमा हुन्डाईको नयाँ विद्युतीय कार आयोनिक फाइभको बिक्री सुरु भएको छ। नेपालका लागि हुन्डाईको आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलले बिहीबारदेखि यसको बिक्री थालेको हो ।

यो कार हुन्डाईको 'रेभुलुसनरी इलेक्ट्रिक ड्राइभ आर्किटेक्चर' बनेको छ । रियर ह्विल ड्राइभ अर्थात पछाडिको पाङ्गामा मोटर जोडिएको यो गाडीमा सोलार रुफ र भिजन रुफ गरी दुई ओटा विकल्प छन् ।

त्यस्तै, भेहिकल टु लोड (भीटुएल) फिचर (गाडीको ब्याट्रीमा भएको अधिकतम क्षमता बाह्य प्रयोजनका लागि उपयोग गर्न सकिने विधि), एम्बिएन्ट मोड (वरिपरीको प्रकाशको आधारमा गाडी भित्रको उज्यालो स्वचलित रुपमा व्यवस्थापन गर्ने प्रणाली) र पावर टेलगेट (बटन थिचेकै भरमा गाडीको पछाडिको ढोका खुल्ने) फिचर रहेको छ ।

साथै सेन्सिङ वाइपर (सिसामा पानी पर्दा स्वचालित रुपमा आफैं सफा हुने), ब्लाइन्ड स्पट भ्यु मनिटर (ड्राइभिङ सिटबाट नदेखिने भागमा गाडी जाँदा अलर्ट गर्ने) र भ्वाइस रिकग्निसन भेइकल कन्ट्रोल (आवाजबाटै गाडीको फिचर प्रयोग गर्न सकिने) जस्ता फिचर पनि समावेश छन् ।

विभिन्न नौ वटा आकर्षक रंगमा उपलब्ध हुण्डाई 'आयोनिक फाइभ' विद्युतीय सवारीमैत्री आकारमा बनाइएको छ । हुन्डाई आयोनिक फाइभ ५८ र ७२.६ किलोवाट आवरका दुई ओटा ब्याट्री प्याक अप्सनमा आएको छ ।

जसमध्ये ७२.६ किलोवाट आवर ब्याट्री रहेको कारले एक पटकको चार्जमा ४८१ किलोमिटरसम्म रेन्ज दिने कम्पनीको दाबी छ ।

भिजन रुफ भएको हुन्डाई आयोनिक फाइभको मूल्य ८० लाख ९६ हजार रुपैयाँ रहेको छ भने सोलार




रुफ भएको कारको मूल्य ८१ लाख ९६ हजार रहेको छ ।

तर दुवै भेरियन्टमा यदि तपाईं मेट कलर अप्सन चाहनुहुन्छ भने थप ६० हजार रुपैयाँ तिर्नुपर्नेछ । स्पेसलाइज्ड ईजीएमपी ब्याट्री इलेक्ट्रिक भेहिकल प्लेटफर्ममा निर्माण भएको हुन्डाईको यो गाडी पहिलो गाडी हो, जसले सन् २०२१ को टप गियर इलेक्ट्रिक अवार्ड समेत पाएको थियो ।

हुन्डाई कोना इलेक्ट्रिक कारले राम्रो लोकप्रियता पाएसँगै कम्पनीले यो नयाँ कार नेपाल भित्र्याएको हो । कम्पनीको यो कार बोल्ड, युनिक र डाइनामिक डिजाइनमा रहेको छ ।

आयोनिक फाइभ सार्वजनिक गरसँगै कम्पनीले इलेक्ट्रिक कारका लागि स्टेट अफ दि आर्ट नामक छुट्टै शोरुम समेत सञ्चालनमा ल्याएको छ । जसमा हाल बिक्री भइरहेका कोना, आयोनिक र आयोनिक फाइभ गरी तीन मोडलका कार राखिएका छन् ।

इलेक्ट्रिक कार किन्ने ग्राहकलाई यो शोरुमले प्रिमियम अनुभव प्रदान गर्न सफल हुने कम्पनीको विश्वास छ । कम्पनीले विद्युतीय कार बिक्रीसँगै नेपालमा यसको प्रयोग बढाउन देशभर चार्जिङ स्टेसन विस्तार गर्ने तयारी समेत गरिरहेको छ ।

लक्ष्मी इन्टरकन्टिनेन्टलले देशका प्रमुख सहरहरूमा १३ ओटा डिलर र १९ ओटा सर्भिस सेन्टरबाट ग्राहकलाई सेवा दिइरहेको छ ।

# इसेवा ट्राभल्स् एण्ड टुर्स ब्राण्ड एम्बेष्डरमा विजय लामा

काठमाडौ । नेपाल एयरलाइन्स्का वरिष्ठ क्याप्टेन विजय लामा इसेवा ट्राभल्स् एण्ड टुर्सको ब्राण्ड एम्बेष्डर नियुक्त हुनु भएको छ । शुक्रबार एक कार्यक्रमका बीच ब्राण्ड एम्बेष्डर नियुक्त सम्बन्धी सम्झौता भएकोई सेवाले जानकारी दिएको छ । इसेवाका प्रमुख कार्यकारी अधिकृत सुभास सापकोटा र क्याप्टेन विजय लामा बीच सम्झौता पत्रमा हस्ताक्षर भएको उल्लेख छ । क्याप्टेन बिजय लामा ब्राण्ड एम्बेष्डर नियुक्त भएसँगै अन्तराष्ट्रिय हवाइ टिकट क्षेत्रमा थप पारदर्शीता कायम हुनुका साथै आम मानिसले कम मूल्यमा सहज रुपमा टिकट काट्न सक्ने अपेक्षा गरिएको ईसेवाले जानकारी दिएको हो ।




कार्यक्रममा बोल्दै इसेवाका प्रमुख कार्यकारी अधिकृत सुभास सापकोटाले भन्नुभयो । विजय लामा जस्तो बहुआयामिक व्यक्तिलाई ब्राण्ड एम्बेष्डर बनाउन पाउँदा हामीलाई गर्व महशुस भएको छ । कार्यक्रममा एफवान थप पारदर्शीता, सुलभता र सहजता ल्याउन सहयोग पुग्ने अपेक्षा गरेका छौं ।

यस्तै कार्यक्रममा ब्राण्ड एम्बेष्डर विजय लामाले- नेपालको डिजिटल पेमेन्ट क्षेत्रमा अग्रणी इसेवासँग जोडिन पाउँदा खुशी लागेको बताउनु भयो । इसेवाले आन्तरिक टिकटिङ्ग क्षेत्रमा आफुले प्रुफ गरिसकेको छ र अन्तराष्ट्रिय टिकटिङ्गको क्षेत्रमा पनि आफुलाई प्रुफ गर्ने विश्वास रहेको छ र यसमा मैले पनि सक्दो भूमिका खेल्नेछु । कार्यक्रममा एफवान सफ्टका सिइओ सुवास शर्मा, इसेवा टुर्सका निर्देशक मेख केसीले पनि अन्तराष्ट्रिय टिकटिङ्गको क्षेत्रमा इसेवाले थप सहजता ल्याउने विश्वास व्यक्त गर्नुभयो । इसेवाले नेपालको आन्तरिक उडानको क्षेत्रमा लामो समयदेखि टिकट बिक्री गर्दै आएकोमा अन्तराष्ट्रिय उडानहरुको समेत टिकट बिक्री गर्न सुरु गरेको छ । वैदेशीक यात्रामा जाने हरेक नेपालीले इसेवा मार्फत कुनैपनि देशका कुनैपनि गन्तव्यका हवाइ टिकट सहजै काट्न सकिन्छ भनि उल्लेख गरेको छ । इसेवाबाट मोबाईल, टेलिफोन, इन्टरनेट, बिजुली तथा खानेपानीको महशुल भुक्तानी, रिचार्ज, हवाइजहाज, बसको टिकट, स्कुल कलेजको शुल्क लगायतका सेवाहरूको शुल्क भुक्तानी गर्न सकिन्छ । इसेवामा हाल ५१ वटा बैंक तथा वित्तीय संस्था सदस्य रहेका छन् । यी बैंकबाट इसेवामा सहजै रकम जम्मा गर्न तथा इसेवाबाट बैंक खातामा रकम पठाउन सकिन्छ ।

# भेष्पा स्कुटर अब इलेक्ट्रीक भर्सनमा

काठमाडौं । पियाजियोको साहायक कम्पनी भेष्पाले इलेक्ट्रीक स्कुटर भारतीय बजारमा ल्याउने भएको छ । कम्पनीले इलेक्ट्रीक भेष्पा भारतको स्कुटर उत्पादनमा लाग्ने बताइएको छ । पियजियोले हाल भारतीय बजारमा तीनपाँग्रे सवारीसाधनको उत्पादन गर्दै आएको छ ।

इलेक्ट्रीक स्कुटर बजारमा ल्याउने रिपोर्टमा उल्लेख छ । कम्पनीले २०२३ को अन्त्यसम्ममा भारतीय बजारमा भेष्पा तथा अप्रिलियका इलेक्ट्रीक स्कुटर बजारमा उतार्ने लक्ष्य लिएको क्षमताको बयाट्री दिइएको छ ।



नोयोडामा भएको २०२० अटो एक्स्पोमा प्रदर्शनी गरेको थियो ।

भारतीय बजारमा मूलधारका मोटरसाइकल तथा स्कुटर निर्माता बजाज टीभीएस हिरो सुजुकी होन्डा जस्ता ब्राण्डले इलेक्ट्रीक सेग्मेन्टमा प्रवेश गरिसकेको अवस्थामा भेष्पाले पनि इलेक्ट्रीक स्कुटर भारतीय बजारमा सार्वजनिक गर्ने भएको हो ।

हालैमात्र सार्वजनिक भएको एक रिपोर्टका अनुसार कम्पनीले भारतीय बजारलाई मध्येनजर गर्दै इलेक्ट्रीक

यसको सहायक कम्पनी भेष्पा तथा अप्रिलिया दुईपाँग्रे बजारमा राम्रो अवस्थामा रहेको छ ।

कम्पनीले निकट भविष्यमा नै अप्रिलिया तथा भेष्पा ब्राण्ड अन्तर्गत छ ।

अटो एक्स्पो २०२० मा शोकेस भएको भेष्पा इलेक्ट्रीक स्कुटरमा ४ किलोवाटको मोटर दिइएको छ भने ४८ भोल्ट र ४.२ किलोवाट आउटपुट

# थापाथलीमा पार्किङ बन्ने

काठमाडौं । खाद्य व्यवस्था तथा व्यापार कम्पनीको थापाथली कार्यालयमा रहेको १ रोपनी हाराहारी जमिनमा बहुतले पार्किङ निर्माण हुने भएको छ । त्यसको लागि नगर विकास कोष संभाव्यता अध्यन गर्ने तयारी गरेको हो । उपत्यकाका विभिन्न स्थानमा बहुतले पार्किङ बनाउन आएका बाँकी ६ पृष्ठमा

तपाई निम्नमध्ये कुनै विवाहको साक्षी त बनिर हनु भएको छैन ?
- बाल विवाह
- अनिच्छित विवाह
- बहु विवाह
- दाइजो विवाह
- दवाव विवाह

विचार गर्नुस,
के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनुभएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस